# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १२६ | काठमाडौं | आइतबार, १२ भदौ २०७९ | Prabhab National Daily, | Sunday, Aug 28, 2022 | URL : www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


एमालेको निर्णय

# ओली फेरि प्रधानमन्त्रीका उम्मेदवार

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले अध्यक्ष केपी शर्मा ओलीलाई नै भावी प्रधानमन्त्रीका रूपमा उम्मेदवार बनाएर आगामी निर्वाचनमा जाने निर्णय गरेको छ । शनिबार केन्द्रीय कार्यालय च्यासल, ललितपुरमा सम्पन्न केन्द्रीय कमिटी बैठकले आउँदो प्रतिनिधिसभाको निर्वाचनपछि एमालेको सरकार बनाउनेगरी चुनावमा होमिने र ओलीलाई नै प्रधानमन्त्रीको उम्मेदवार बनाउने निर्णय गरेको हो ।



**उम्मेदवार छनोटका पाँच मापदण्ड**
- पार्टी नीति र कार्यक्रमप्रतिको प्रतिबद्धता
- लोकप्रियता र विजयको सुनिश्चितता
- आन्दोलनमा योगदान र पार्टीप्रतिको निष्ठा
- सन्तुलन र समावेशिता
- निर्वाचन कानुनबमोजिमको योग्यता

मंसिर ४ गतेलाई तय भएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा अध्यक्ष ओलीलाई भावी प्रधानमन्त्रीका रूपमा अघि सारेर जाने निर्णय गरिएको केन्द्रीय सदस्य निरज अचार्यले प्रभाव दैनिकलाई जानकारी दिए । ओलीको नेतृत्वमा पार्टीले बहुमत ल्याउने गरी निर्वाचनमा जाने निर्णय भएको आचार्यले बताए ।

बैठकमा उपमहासचिव प्रदीप ज्ञवालीले प्रस्तावहरू सुनाउँदै अध्यक्ष ओलीलाई नै प्रधानमन्त्रीको उम्मेदवारका रूपमा प्रस्तुत गरेका थिए । ज्ञवालीले ओलीलाई प्रधानमन्त्रीको भावी उम्मेदवारका रूपमा प्रस्तुत गर्दा हलमा दुई मिनेटसम्म ताली बजेको थियो ।

त्यसपछि ओलीलाई नै प्रधानमन्त्रीका रूपमा अघि सार्ने निर्णय सर्वसम्मत रूपमा पारित भएको भएको हो । यसअघि २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा पनि वाम गठबन्धनका तर्फबाट ओलीलाई प्रधानमन्त्रीका रूपमा अघि सारेर एमाले चुनावमा होमिएको थियो ।

२०७४ को प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनमा मुख्यगरी दुई ठूला वाम दल नेकपा एमाले र नेकपा माओवादी केन्द्रले चुनावी तालमेल गरेका थिए । चुनावपछि पार्टी एकता गर्ने घोषणासहित एमालेले ६० र माओवादीले ४० प्रतिशत सिट बाँडफाड गरेर चुनावी तालमेल गरेका थिए । उनीहरूले साझा घोषणापत्रसमेत तयार पारेका थिए ।

उक्त निर्वाचनमा एमालेले प्रतिनिधिसभामा प्रत्यक्षतर्फ ८० र समानुपातिकतर्फ ४१ सिट जितेको थियो । यस्तै, माओवादी केन्द्रले प्रत्यक्षतर्फ ३६ र समानुपातिकतर्फ १७ सिट जितेको थियो । २०७४ फागुन ३ गते ओली प्रधानमन्त्री नियुक्त भएका थिए ।

यी दुई दलले चुनावपछि २०७५ जेठ ३ गते पार्टी एकता पनि गरे । तर, दुई पार्टीको एकतापछि बनेको नेकपाभित्रको अन्तरविरोध र नेकपा नाम विवादमा (ऋषि कट्टेलले दायर गरेको मुद्दामा) सर्वोच्च अदालतले २०७७ फागुन २३ गते सुनाएको फैसलापछि एकता भंग भयो । दुई पार्टी पुरानै अवस्थामा फर्किए ।

अहिले एमाले सग्लो छैन । माओवादी पनि आंशिकरूपमा सग्लो छैन । माओवादी केन्द्रका रामबहादुर थापा, (**बाँकी पृष्ठ ३ मा**)

# मतदाता नामावली अद्यावधिक आजदेखि

## समानुपातिकर्फ दल दर्ताको निवेदन दिन पनि आज अन्तिम दिन

■ प्रभाव संवाददाता

**काठमाडौं–** आउँदो मंसिर ४ गतेका लागि तय भएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वंचनका लागि आज आइतबारदेखि मतदाता नामावाली अद्यावधिक कार्यक्रम सुरु हुँदै छ । आज सम्बन्धित वडा कार्यालय र निर्वाचन कार्यालयमा मतदाता नामावली प्रकाशन गरिनेछ ।

नामावलीमा रहेको त्रुटि सच्याउन, नामावलीमा प्रकाशित कुनै व्यक्तिको विवरणको विरोधमा उजुरी दिन एवं कुनै मतदाताको एकभन्दा बढी स्थानमा नाम समावेश भएमा एक स्थानमा नाम कायम राख्न भदौ १३ (सोमबार) देखि १५ गतेसम्म निर्वाचन कार्यालयमा निवेदन दिन सकिने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए । मृत्यु भएका एवं नागरिकता त्याग गरेका मतदाताको नाम सूचीबाट हटाउनका लागि यही भदौ १३ देखि १६ गतेसम्म निर्वाचन कार्यालयमा निवेदन दिन सकिनेछ । यसअघिको निर्वाचनमा मृत्यु भएका तथा विदेशमा भएका व्यक्तिको नाम मतदाता सूचीमा रहेको भन्दै आयोगको आलोचना भएको थियो ।

आयोगले यसअघि नै आउँदो प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि निर्वाचनको अघिल्लो दिन अर्थात् मंसिर ३ गतेसम्म १८ वर्ष पूरा भएका मतदाताले मतदान गर्न पाउने निर्णय गरिसकेको छ । त्यसका लागि मतदाता सूचीमा नाम दर्ता भने भएको हुनुपर्नेछ । मंसिर ४ गते देशभर एकै चरणमा गर्नेगरी प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन तोकिएको छ ।

आयोगले गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनदेखि निर्वाचनको अघिल्लो दिन १८ वर्ष उमेर पुगेर मतदाता सूचीमा नाम भएका मतदातालाई मतदानमा सहभागी हुन पाउने व्यवस्था गरेको थियो । त्यसअघिका निर्वाचनमा निर्वाचन मिति घोषणा भएको दिनसम्म १८ वर्ष पूरा भएका नागरिकलाई मात्र मतदानको व्यवस्था गरिँदै आइएको थियो । निर्वाचनको मिति घोषणा भएको दिनदेखि मतदानको दिनभित्र १८ वर्ष पूरा हुने व्यक्तिले मतदान गर्न नपाउने व्यवस्था थियो ।

गत वैशाख २९ गतेसम्म ८७ लाख ४१ हजार ५३० महिला, ८९ लाख ९२ हजार १० पुरुष र १८३ अन्य गरी एक करोड ७७ लाख ३३ हजार ७२३ मतदाता १८ वर्ष पूरा भएका आयोगले जनाएको छ । स्थानीय तह सदस्य निर्वाचन सम्पन्न भएपछि आयोगले गत असार १ देखि मतदाता नामावली संकलन सुरु गरेको थियो । त्यसमा पाँच लाख मतदाता थपिएको आयोगले जनाएको छ ।

सरकारले गत साउन १९ गते निर्वानको मिति घोषणा गरेसँगै आयोगले साउन २० गतेदेखि मतदाता नामावली संकलनको काम स्थगित गरेको थियो । मतदाता नामावली अद्यावधिक भएपश्चात् आगामी भदौ ३१ गते अन्तिम मतदाता नामावली प्रकाशन आयोग प्रवक्ता पौडेलले बताए ।

**समानुपातिकतर्फ दर्ता गर्ने आज अन्तिम दिन**

मंसिर ४ को प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ भाग लिन चाहने राजनीतिक दललाई निवेदन पेस गर्न दिएको समय आज सकिँदै छ । आज कार्यालय समयभित्र मुख्य निर्वाचन अधिकृतको कार्यालयमा निवेदन पेस गर्न भनेको छ । समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम सञ्चालन गर्न मुख्य निर्वाचन अधिकृतको कार्यालय आयोगमै स्थापना गरिएको छ ।

आयोगले गत साउन २२ देखि ३१ गतेसम्म निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्न आह्वान गर्दा ८४ वटा दलले दर्ताका लागि निवेदन दिएका थिए । तीमध्ये १२ वटा दलले तालमेल गरेर निर्वाचनमा प्रतिस्पर्धा गर्न चार वटा समूह बनाएका छन् । तीन ८४ दलमध्ये समानुपातिकतर्फ भाग लिन चाहने दलले मुख्य निर्वाचन अधिकृतको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

एकल चुनाव चिह्न लिई संयुक्तरूपमा निर्वाचनमा सहभागी हुनेगरी आयोगमा दर्ता भएका दलले सबै दलको केन्द्रीय समितिको संयुक्त वा अलग-अलग रूपमा निवेदन दिन पाउने छन् । दलले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि छुट्टै र प्रदेशसभा सदस्यको समानुपातिकतर्फ प्रत्येक प्रदेशका लागि छुट्टै निवेदन दिनुपर्नेछ । आयोगको निर्वाचन कार्यतालिका बमोजिम समानुपातिक निर्वाचन प्रणालीतर्फ राजनीतिक दलहरूले उम्मेदवारको बन्दसूची आगामी असोज २ र ३ गते पेस गर्नुपर्नेछ ।

सन्दर्भ : वैदेशिक रोजगार

# मलेसियाको पहिलो प्राथमिकतामा नेपाली कामदार

■ प्रभाव संवाददाता

**काठमाडौं–** मलेसिया सरकारले नेपाली कामदारलाई पहिलो प्राथमिकतामा राख्दै थप संख्यामा लैजाने तयारी गरेको छ । नेपालीहरूको प्रमुख श्रम गन्तव्य मुलुक मलेसियाले आगामी दिनमा नेपालबाट लैजाने कामदारको संख्या बढाउने जनाएको हो ।

कोरोना महामारीका कारण मलेसियाले झण्डै दुई वर्षदेखि नेपाललगायत अन्य मुलुकबाट आप्रवासी श्रमिक प्रवेशमा कडाइ गर्दा यतिखेर कामदारको अभाव झेल्नुपरेको त्यहाँका सञ्चारमाध्यमले उल्लेख गरेका छन् । कोरोनाको चपेटाले आप्रवासी कामदार प्रवेशमा कडाइ गर्दा मलेसियामा गत आर्थिक वर्षमा नेपालबाट ३५ हजारको हाराहारी मात्र कामदार गएको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाउँछ ।


विविध कारणले कामदारको अभाव हुन थालेपछि मलेसिया सरकारले श्रमिकहरूको पक्षमा केही नीतिगत परिवर्तनसमेत गरेको छ भने सकेसम्म आप्रवासी कामदार भित्र्याउन पहल थालेको छ । गत फेब्रुअरीमा मलेसिया सरकारले २०२२ को अन्त्यसम्ममा १० लाख आप्रवासी कामदार भित्र्याउने घोषणा गरेको थियो । तर, अगस्टसम्ममा मुस्किलले दुई लाख कामदारमात्र भित्र्याएको त्यहाँको मानव संसाधन मन्त्रालयले जनाएको छ । यसै सेरेफेरोमा रहेर नेपालका लागि मलेसियाका कार्यवाहक राजदूत मोहम्मद फाजिल अबु हसनले आगामी दिनमा मलेसिया जाने कामदारको संख्यामा वृद्धि गरिने जानकारी दिएका छन् । उनले केही दिनअघि मलेसिया सरकारको प्रतिनिधित्व गर्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरसँगको भेट गरी नेपाली कामदारको संख्यामा वृद्धि गर्ने तयारी भइरहेको जानकारी दिएका थिए । कार्यवाहक राजदूत हसनले संख्या बढाउने तयारी भएको मात्र नभई आगामी दिनमा औसतभन्दा बढी नै कामदार लैजाने प्रतिबद्धता व्यक्त गरे । उनले नेपाली श्रमिकलाई मलेसिया सरकारले पहिलो प्राथमिकतामा राखेको पनि जानकारी दिए ।

कोरोना महामारी मत्थर भएसँगै मलेसियाले आप्रवासी श्रमिक प्रवेशका लागि बाटो खुला गरेपछि अहिले मलेसिया जाने नेपालीको संख्या ह्वात्तै बढेको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् । 'मलेसियाले गत फेब्रुअरीमा घोषणा गरेअनुसार १० लाख विदेशी कामदार आपूर्ति हुने अवस्था नआएपछि अहिले नेपाली कामदार लैजाने रफ्तार बढाउँछौं भनिएको हो,' नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका अध्यक्ष कुमुद खनालले भने, 'अहिले मलेसियाले भनेजति विदेशी कामदार लैजान नसकेको र युक्रेन युद्धका कारण खाडी मुलुकमा कामदारको माग घटेको बेला मलेसियाले संख्या बढाउनु नेपालीहरूका लागि राम्रो अवसर हो ।'

आम्दानीको हिसावले पनि खाडी मुलुकभन्दा मलेसियामा राम्रो कमाइ हुने उनले बताए । सरकारले आवश्यक सहजीकरण गरिदिने र श्रम स्वीकृतिका प्रक्रियालाई छोटचाउने हो भने छिटोभन्दा छिटो थुप्रै नेपाली युवाले मलेसिया रोजगारीमा जाने अवस्था निर्माण हुने खनालको भनाइ छ । 'यतिखेर मलेसियालाई सर्भिस सेक्टर, प्लान्टेसन, कन्ट्रक्सन र म्यानुफ्याक्चरिङमा विदेशी कामदार चाहिएको छ, यो सुनौलो अवसर पनि हो र यसबाट नेपालले लाभ लिन सक्नुपर्छ,' खनालले भने ।

अर्का एक व्यवसायीले भने नेपाली कामदार बढी लैजान्छौं भन्नु प्रोपोगाण्डा मात्रै भएको बताए । 'अहिले मलेसियामा लेबर क्राइसिस छ, यस्तो अवस्थामा कामदारको संख्या बढाउन खोज्नु जायज भए पनि धेरै मान्छे लैजान्छौं भन्नु प्रोपोगाण्डा मात्रै हो,' ती व्यवसयीले भने । उनका अनुसार मलेसियाले तोकेको निश्चित मेडिकललाई नेपाल सरकारले स्वास्थ्य परीक्षणमा अवरोध नगरोस् भन्ने मनसायका साथ कामदारको संख्या बढाउने कार्ड फालिएको हो । तर, पछिल्लो समय मलेसिया सरकारले श्रमिकको आधार भूत पारिश्रमिक बढाउने निर्णय गरेसँगै नेपालीहरूको लागि मलेसिया अकर्षक गन्तव्य बनेको उनको भनाइ छ ।

मलेसियाले हाल आधारभूत पारिश्रमिक वृद्धि गरी १५ सय मलेसियन रिंगेट (४२ हजार रूपैयाँभन्दा बढी) पुर्‍याएको छ । त्यस्तै नेपाल-मलेसियाबीच भएको श्रम समझदारीबमोजिम बायोमेट्रिक स्वास्थ्य परीक्षणको सम्पूर्ण खर्च रोजगारदाताले नै बेहोर्ने व्यवस्था पनि मलेसियाले कार्यान्वयनमा ल्याएको छ । जसअन्तर्गत नेपाली कामदार हरूले मेडिकल चेकजाँचका लागि नेपालमा तिरेको शुल्क रोजगारदाताले पहिलो महिनाको पारिश्रमिकसँगै अनिवार्य फिर्ता दिनुपर्ने व्यवस्था गरेको छ । उल्लिखित व्यवस्थासहित 'फ्रि भिसा, फ्रि टिकट'को प्रावधान पूर्णरूपमा कार्यान्वयनमा आए मलेसियाको ३० प्रतिशत विदेशी कामदार नेपालबाट आपूर्ति हुने व्यवसायीहरूको भनाइ छ ।

Islington College
Kamalmarg, Kamalpokhari, Kathmandu
www.islington.edu.np
/islingtoncollege
9801022446
01 5970012

# पर्यटन प्रवर्द्धनमा तीनै तहका सरकारले सहकार्य गर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकका पर्यटनमन्त्रीहरूको सम्मेलन शनिबार सम्पन्न भएको छ। संघसहित सातवटै प्रदेशका पर्यटनमन्त्रीको सहभागितामा काठमाडौंमा सम्मेलन सम्पन्न भएको हो। उक्त सम्मेलनले मुलुकको पर्यटन प्रवर्द्धनका लागि तीनै तहका सरकार आपसी सहकार्य गरेर अगाडि बढ्ने निष्कर्ष निकालेको छ।

मुलुकको अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि तीनै तहका सरकारबीच सहकार्य गरेर अगाडि बढ्ने निष्कर्षसहित सम्मेलन टुंगिएको हो। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठको अध्यक्षतामा बसेको 'संघ, प्रदेश र स्थानीय तहको पर्यटनसँग सम्बन्धित विषयगत समिति'को बैठकले नेपालको पर्यटनलाई पुनरुउत्थान गर्दै राष्ट्रिय अर्थतन्त्रको प्रमुख मेरुदण्डका रूपमा स्थापित गर्ने निर्णय गरेको जानकारी दिइएको छ।

बैठकले नेपालमा बाह्रै महिना पर्यटकीय गतिविधि सञ्चालन गर्नसक्ने किसिमको जलवायु तथा मौसमी विविधता रहेको हुँदा नेपाललाई सबै मौसममा पर्यटकीय गतिविधि गर्न मिल्ने पर्यटकीय गन्तव्यका रूपमा अन्तर्राष्ट्रिय क्षेत्रमा बजारीकरण गर्ने निर्णय गरेको पर्यटन मन्त्रालयका सचिव सुरेश अधिकारीले जानकारी दिए।

उक्त बैठकमा प्रत्येक प्रदेशका पर्यटकीय दृष्टिकोणले आकर्षक र महत्त्वपूर्ण रहेका स्थानको 'ब्राण्डिङ' गरी पर्यटकीय गन्तव्यको विविधीकरणमा जोड दिने, पर्यटन क्षेत्रसँग सम्बन्धित साझा अधिकारका विषय, सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन तथा संघ, प्रदेश र स्थानीय तहबीच एकरूपता कायम गर्नुपर्ने नीतिगत विषयमा छलफल भएको थियो।

पर्यटन क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख मेरुदण्डका रूपमा स्थापित गर्न 'नेपालको पर्यटन क्षेत्रको पुनःउत्थान कार्ययोजना-२०७९'लाई सहकार्यात्मक एवं समन्वयात्मक तवरले कार्यान्वयन गर्ने विषयमा समितिका सदस्यबाट प्रतिबद्धता प्राप्त भएको सचिव अधिकारीले बताए।

क्षेत्रगत योजना, नीति तथा कार्यक्रम र रणनीतिको कार्यान्वयनमा प्रभावकारिता ल्याउन संघ, प्रदेश तथा स्थानीय तहबीचको आपसी सहकार्यलाई सबल र गतिशील बनाउँदै अगाडि बढ्ने निर्णय सो बैठकले गरेको छ। उक्त बैठकले संघीय व्यवस्थाबमोजिम 'पर्यटन नीति-२०६५'को समसामयिक परिमार्जन र राष्ट्रिय रणनीतिको तर्जुमा गर्दै पर्यटन दशक (२०२३-२०३३) को घोषणा गर्न नेपाल सरकारलाई अनुरोध गर्ने निर्णयसमेत गरेको छ।

यस्तै निजी क्षेत्रलाई पर्यटन व्यवसायमा लगानीका निम्ति विभिन्न सहुलियत तथा सेवा सुविधा प्रदान गर्न अन्तरनिकाय समन्वयलाई निरन्तरता दिने र ग्रामीण पर्यटनको विकासका निम्ति सामुदायिक सहभागितालाई प्रवर्द्धन गर्ने निर्णय गरिएको छ भने साधन स्रोतको न्यायोचित वितरण गर्दै प्रादेशिक सन्तुलनसहितको पर्यटन क्षेत्रको दिगो विकासलाई सबै तहले आत्मसात् गर्ने निर्णयसमेत गरिएको छ।

विदेशी पर्यटकको नेपाल प्रवेशमा सहजीकरण गर्न सीमा क्षेत्रमा हुने जाँचलाई व्यवस्थित गर्न सम्बन्धित निकायसँग अनुरोध गर्ने, प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रम कार्यान्वयनमा तीनै तहले आपसी सहयोग र सहकार्य गर्ने बैठकले निर्णय गरेको छ। बैठकमा पर्यटन मन्त्रालयका सचिव, सातै प्रदेशका पर्यटनमन्त्री, पर्यटन सचिव, पोखरा महानगरपालिकाका प्रमुख, कार्यकारी अधिकृत, मन्त्रालयका विभिन्न महाशाखाका प्रमुख एवं मन्त्रालयअन्तर्गतका विभिन्न विभाग तथा कार्यालयका प्रमुखको उपस्थिति रहेको थियो।

# सडकमा थुपारिएको सबै फोहोर उठ्यो

■ प्रभाव संवाददाता



**काठमाडौं–** लामो समयदेखि काठमाडौं उपत्यकाका सडकमा थुप्रिएको फोहोर उठेको छ। तिरन्तरको अवरोधका कारण फोहोर व्यवस्थापन हुन नसक्दा उपत्यकाका सडकहरूमा फोहोर थुप्रिएको थियो। यसरी सडकमा थुपारिएको सबै फोहोर व्यवस्थापन गरिएको काठमाडौं महानगरपालिका (कामपा)ले जानकारी दिएको छ।

दुई महिनादेखि उपत्यकाको सडकमा थुप्रिएका सबै फोहोर व्यवस्थापन भए पनि टेकु ट्रान्फरस्टेसनमा राखिएको फोहोर व्यवस्थापन भने आगामी सातासम्ममा सक्ने कामपाले जनाएको छ।

कामपा वातारण विभाग प्रमुख सरिता राईले सडकमा यत्रतत्र रहेको सबै फोहोर व्यवस्थापन भइसकेको र यदि कतै फोहोर व्यवस्थापन हुन बाँकी भएको पाइए महानगरलाई जानकारी दिन नागरिकलाई आग्रह गरिन्। यसअघिको फोहोर व्यवस्थापन गर्नुपर्ने भएकाले अहिले साविकभन्दा बढी दैनिक ३०० गाडी फोहोर अन्तिम व्यवस्थापनका लागि बञ्चरेडाँडा लैजाने गरिएको छ। यही हिसाबमा व्यवस्थापनको काम भए र बीचमा केही समस्या नआए आगामी सातासम्ममा टेकुमा थुपारिएको फोहोरको पनि अन्तिम व्यवस्थापन कार्य हुने उनको भनाइ छ।

केही दिनअघि कामपाका प्रमुख बालेन्द्र शाहले फोहोर व्यवस्थापन कार्यमा सहभागी निजी कम्पनीलाई एक साताभित्र सबै फोहोर व्यवस्थापन गर्न दिर्नेशन दिएका थिए। प्रमुख शाहको निर्देशनअनुरूप निजी कम्पनीले व्यवस्थापनको काम नियमित गरेपछि उपत्यकामा लामो समयदेखि थुप्रिएको फोहोर व्यवस्थापन भएको हो।

कहिले पानीका कारण बाटो अवरोध त कहिले सिसडोल बञ्चरेडाँडाका स्थानीयले विविध माग राखि अवरोध गरेपछि विगत दुई महिनादेखि उपत्यकाको फोहोर व्यवस्थापन हुन सकेको थिएन। दुई महिनादेखि विसर्जन हुन नसकेको उपत्यकाको फोहोर व्यवस्थापनका सम्बन्धमा अघिल्लो साता काठमाडौं, धादिङ र नुवाकोटका प्रमुख जिल्ला अधिकारी, सिसडोल र बञ्चरेडाँडाका स्थानीयबीच भएको चारबुँदे सहमतिपछि बिहीबारदेखि साविकबमोजिम फोहोर व्यवस्थापन कार्य हुन थालेको हो।

पेचिलो सवाल बन्दै आएको संघीय राजधानी काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापन वर्ष बित्दै जाँदा थप चुनौती बन्दै गएकाले कामपाले कुहिने फोहोरलाई यही नै व्यवस्थापन गर्नका लागि स्थान पहिचानको काम गरिरहेको जनाएको छ। हरेक दिन उपत्यकाबाट एक हजार २०० मेट्रिक टन फोहोर उत्पादन हुने गरेको छ। त्यसमध्ये सबैभन्दा बढी कामपाको ५०० मेट्रिक टन उत्पादन हन्छ। अहिले कामपासहित उपत्यकाको १७ स्थानीय तहको फोहोरको अन्तिम व्यवस्थापन बञ्चरेडाँडामा हुने गरेको छ।

# अनधिकृत संरचना भत्काउने कार्य निरन्तर

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले अनधिकृतरूपमा बनाइएका संरचना भत्काउने क्रमलाई जारी राखेको छ। शनिबार वनस्थली चोकबाट ढुंगेधारा जाने बाटोमा रहेको सात टहरा र तीनवटा भऱ्याङ हटाएको छ।

गत मंगलबारदेखि कामपाले नक्सा पासअनुरूप निर्माण नभएका र नक्सा पासअनुरूप निर्माण भए पनि सोहीअनुरूप प्रयोग नभएको संरचना अनधिकृत भएको भन्दै त्यस्ता संरचना हटाउँदै आएको छ। कामपाका नगर प्रहरी प्रमुख राजु पाण्डेका अनुसार उक्त स्थानका अनधिकृतरूपले बनाइएका सात टहरासहित सडकबाट नै घरमा राखेको तीनवटा भऱ्याङ भत्काइएको हो।

उक्त अभियानअन्तर्गत हालसम्म बानेश्वरस्थित बानेश्वर कम्प्लेक्सका अनधिकृतरूपले बनाइएका संरचना, काठमाडौं मलका अनधिकृतरूपले बनाइएका संरचना, आरबी कम्प्लेक्सका १४ साना पसल र बानेश्वरस्थित अल्फाबिटामा निर्माण




गरिएको संरचना भत्काइएको छ। दरबारमार्गमा रहेका अनधिकृत संरचना पनि तत्काल हटाउन कामपका प्रमुख बालेन्द्र शाहले निर्देशन दिएका छन्। आनाकानी गर्दै आएका ती संरचनामा डोजर चलाउन महानगर बाध्य हुने बताइएको छ।

अनधिकृतरूपले बनाइएका संरचना घरधनीलाई नै भत्काउन वा निर्माण गरिएअनुसार प्रयोग गर्न लगाउने भन्दै कामपाले ३५ दिने सूचना जारी गरेको थियो। सार्वजनिक सूचना बेवास्ता गरेपछि अनधिकृत संरचना हटाउन थालिएको हो। अनधिकृत संरचना हटाएसँगै हाल उपत्यकामा भइरहेको पार्किङको समस्या २५ प्रतिशतले समाधानसँगै ट्राफिक व्यवस्थापनमा सहयोग पुग्ने कामपाको विश्वास छ।

नक्साअनुरूप निर्माण नभएका, निर्माण भए पनि सोहीअनुसार प्रयोग नभएका र सार्वजनिक जग्गा मिचेर निर्माण भएका संरचना अनधिकृत ठहर गर्दै कामपाले भत्काउन थालेको हो। हाल बेसमेन्ट र भूमिगत पार्किङ राख्ने सर्तमा कर छुट लिइरहेका ३५ भवन रहेको कामपाले जनाएको छ। रासस

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

भदौ १२ गते आइतबार

| | |
|---|---|
| **मेष** | शिक्षासम्बन्धी कार्यमा बाधा आउनेछ। |
| **वृष** | स्वास्थ्यलाभ तथा पराक्रममा वृद्धिको योग छ। |
| **मिथुन** | अनावश्यक जिम्मेवारी नलिनुहोला। |
| **कर्कट** | पेटसम्बन्धी समस्या आउने योग छ। |
| **सिंह** | आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ। |
| **कन्या** | खर्चमाथि नियन्त्रण राख्नुहोला। |
| **तुला** | व्यापारिक प्रगति राम्रो हुनेछ। |
| **वृश्चिक** | सवारीमा सावधानी जरुरी छ। |
| **धनु** | बाहिरी सम्बन्ध राम्रो रहनेछ। |
| **मकर** | धन अर्जन हुने योग छ। |
| **कुम्भ** | स्वास्थ्य गडबड हुने तथा चिन्ता बढ्नेछ। |
| **मीन** | नयाँ सम्पर्क बन्नेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |

## शववाहन र विविध


| | |
|---|---|
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

भदौ १२ गते, २०७९, २८ अगष्ट २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।



**नृत्य गर्दै शिक्षिका** | कलंकीस्थित आमादब्लम नेसनल स्कुलमा आयोजित तीज कार्यक्रममा नृत्य गर्दै शिक्षिकाहरू । *तस्विर : प्रभाव*

# 'नेपाललाई नयाँ नेतृत्वको आवश्यकता छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका प्रभावशाली नेता डा. चन्द्र भण्डारीले नेपाललाई नयाँ नेतृत्वको आवश्यकता रहेको बताएका छन् ।

शनिबार राजधानीमा आयोजना गरेको साक्षात्कारमा बोल्दै उनले यस्तो बताएका हुन् । उनले भने, 'हाम्रो एक्शन भएन । शब्दहरू मात्रै बढि भए । अहिले डोजरको बोलवाला छ । यो कुरालाई मनन गर्नुपर्छ । अब हाम्रो पार्टी, नेता मात्रै हेरेर जनतालाई सन्तुष्ट बनाउन सक्दैनौं । अहिले सबै जनताले संसारलाई तुलनात्मक रूपमा अध्ययन गरिरहेका छन् ।'

उनले देशका १८ वर्षभन्दा माथिका युवाहरू विदेश पलायन भएको स्मरण गराउँदै यो नेपालको राजनीतिको ठूलो चूनौति भएको उल्लेख गरे । उनले देशमा भ्रष्टाचार बढिरहेको र अरबौं अरबौंको सम्पत्ति एउटा ठेकेदारसँग, पोलिटिकल करप्सनसँग रहेको सुनाए । नेता भण्डारीले सत्ताको स्वार्थको लागि मात्रै गठबन्धन गर्न खोजिएको हो भने त्यो नटिक्ने दाबी गरे ।

डा. भण्डारीले मुलुक गरिबी र प्लेयरको कारण फेरि हिंसामा जानसक्नेतर्फ पनि चिन्ता व्यक्त गरे । उनले अब मुलुक बनाउने मान्छे खोज्नुपर्ने बताए ।

प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का प्रभावशाली नेता तथा पूर्वमन्त्री महेश बस्नेतले आगामी निर्वाचनमा पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई नै भावी प्रधानमन्त्रीको रूपमा अघि सार्ने निर्णय भएको बताएका छन् । नेता बस्नेतले दलहरू निर्वाचनको सन्दर्भमा आ–आफ्नो ढंगले तयारीमा लागेको




उल्लेख गर्दै आफ्नो पार्टीपनि निर्वाचनको तयारीमा होमिएको सुनाए । उनले भने,"हाम्रो केन्द्रीय कमिटी बैठक आज सकिन्छ । अब देशव्यापी रूपमा निर्वाचनको तयारीमा गैरहेका छौं । गठबन्धनले पनि आफ्नो तयारी गरिरहेको छ । हामीले निर्वाचनको घोषणापत्र लेख्ने कामको थालनी गरेका छौं । यसको नेतृत्वमा पनि अध्यक्ष केपी ओलीले गर्नुभएको छ । देशव्यापी रूपमा आएका रायसुझाव पनि । हाम्रो दलले सुखी नेपाली र समृद्ध नेपालीको अभियान चलायौं । विकासको तिव्र विकास गर्‍यौं । ठूला ठूला औद्योगिक क्षेत्र निर्माण भयो ।'

उनले भने, 'एमालेले आगामी निर्वाचनमा आगामी प्रमको लागि केपी ओली नै हो । माधव, प्रचण्डले चलेखल गरे । हामीले ओलीलाई प्रमको रूपमा उभ्याउने निणृय गरेका छौं । संगठन सुदृढीकरण गरिरहेका छौं ।

एमाले अहिले पनि पहिलो दल हो । अबको निर्वाचनमा पनि पहिलो नै हुन्छ । ३४ प्रतिशत भोट ल्याएका छौं । ४० प्रतिशत पपुलर मत ल्याउँछौं । एमाले कमजोर छैन् । यो बीचमा गठबन्धनले जनताको हितविपरित काम गरेको छ । भ्रष्टचार गरेको छ । मल अभाव, पुस्तक अभाव भएको छ ।'

जनसमाज वादी पार्टी नेपालका अध्यक्ष सुवासराज काफ्ले अहिलेको संविधानलाई नियन्त्रणमा राखिएको बताए । उनले भने, 'धेरै बुँदाहरू यसरी राखिएका छन्, कि त्यहाँ युवा शक्तिलाई । राज्य हाँक्ने हैसियत हुनुपर्छ । युवाले र बुढाले जसले नेतृत्व लिएपनि हुन्छ । राज्यलाई कसरी चलाईन्छ भन्ने भीजन हुनुपरयो । यो संविधानले धेरै मानिस आउन्, सहभागिता जनाउन् भन्ने खालको सोच र दृष्टिकोण राखेको पाईनँ । संविधानमा थुप्रै त्रुटि छन् । सत्तासिन दलबाट जनता झुक्याउने काम भएको छ । यो भन्नको लागि मलाई कुनै हिच्किचाहट छैन् । धर्मनिरपेक्षताको एउटा व्याख्या गरिएको छ : यो राज्य धर्मनिरपेक्ष हो । यो व्याख्या किन भयो ।

संविधान नै गडबड भएपछि कसरी सही दिशामा जान सकिन्छ । हाम्रो रोडम्याप नै गलत ढंगले बन्नेछ । एमसिसी गलत थिएन भने व्याख्यात्मक टिप्पणी किन गरियो ? आफ्नो पार्टीले सामाजिक, आर्थिक, सांस्कृतिक पक्षलाई समेटेर नयाँ भीजन ल्याएको छ ।'

# 'हाम्रो पार्टीको तर्फबाट भावी प्रधानमन्त्री प्रचण्ड नै हो'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेकपा माओवादी केन्द्र नवनियुक्त उपमहासचिव शक्तिबहादुर बस्नेतले गठबन्धनको सिटको बाँडफाड सबैलाई स्वीकार्य हुनेगरी मिलाइने दाबी गरेका छन् ।

शनिबार राजधानीमाआयोजित साक्षात्कारमा बोल्दै उनले अहिले सिट बाँडफाडबारे गम्भीर रूपमा छलफल चलिरहेको र छिट्टै निष्कर्षमा पुगिने विश्वास दिलाए । उनले सिट बाँडफाडबारे अहिले गठबन्धनमा आवद्ध दलहरूको तर्फबाट प्रस्तावमाथि छलफल भैरहेको सुनाए । उनले भने, 'अहिले छलफल भैरहेको छ, अब यसबारेमा निश्कर्ष निकाल्छौं ।' उनले सिट बाँडफाडबारे हिजो स्थानीय तहको निर्वाचनमा पनि समस्या थियो र त्यसलाई हल गरिएको सुनाउँदै अहिले संघको निर्वाचनमा पनि सिट बाँडफाड मिल्ने बताए । उनले भने, 'गठबन्धन आजको आवश्यक्ता हो कि होइन भन्ने कुरा पहिले बुझ्नुपरयो । अहिले सबै दल गठबन्धन गरेर जाने निश्कर्ष निकालेका छन् । त्यसैले सिट बाँडफाड मिल्छ ।'

उनले कांग्रेस १६५ सिटमै उम्मेदवार



खडा गर्ने पार्टी भएको र माओवादी केन्द्र पनि त्यस्तै पार्टी भएकोले सिट बाँडफाड ठूलो समस्या नभएको जिकिर गरे ।

उनले माओवादी केन्द्रको तर्फबाट भावी प्रधानमन्त्रीको रूपमा लिएर अध्यक्ष प्रचण्डकै नेतृत्वमा आफूहरू चुनावमा सहभागी हुने सुनाए ।

नेता बस्नेतले पाँच वर्षको अवधि सम्पूर्ण समस्या समाधान गर्नै अवधि नभए पनि ५ वर्ष केही पनि भएको छैन भन्ने नभएको सुनाए । उनले शिक्षा, स्वास्थ्य र आर्थिक विकासको क्षेत्रमा परिवर्तन भएको दाबी गरे ।

उनले मुलुकमा व्यवस्था बदलिएपनि जनताको अवस्था नबदलिएको टिप्पणी गरे । अपेक्षित ढंगले मुलुकमा आर्थिक सामाजिक अवस्थामा परिवर्तन आउन नसकेको उनको भनाइ छ । उनले भने, 'यसबारेमा बहस चलिरहेको छ । कतिपयले राजनीतिक व्यवस्था ठीक नभएर हो कि भनेर बहस चलाईएको छ । अर्कोतर्फ, पार्टी गलत भएकोले यो परिणाम आएको हो भनेर बहस भएको छ । पछिल्लो समय मुलकुमा उल्लेखनीय परिवर्तन भएका छन् । अझै परिवर्तनलाई व्यवहारिक रूप दिनको लागि, केही नमिलको कुरा मिलाउनुपर्छ । यो कोण पनि छ ।'

उनले अहिलेको व्यवस्था त्रुटिपूर्ण नभएको जिकिर गरे । उनले मुलुकमा लोकतन्त्र अझै मजबुद र फराकिलो भएको सुनाए । व्यवस्थाको दृष्टिकोणले हेर्दा यसलाई त्रुटिपूर्ण भन्न नमिल्ने उनको भनाइ छ । यद्धपी उनले दलहरू कमजोरीरहित छन भनेर आफूले नभन्ने पनि सुनाए । मुलुकको भाग्य र भविष्यको निरूपण दलबाट नै भएको बताए । कार्यक्रममा क्लबका सभापति ऋषि धमलाले उपमहासचिव बस्नेतलाई खादा लगाएर सम्मान गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए ।

## ओली फेरि...

पृष्ठ १ बाट जारी

टोपबहादुर रायमाझी, लेखराज भट्ट, प्रभु साह, मणि थापा लगायतका नेताहरू नेकपा विभाजनपछि एमालेमै बसे भने माधवकुमार नेपालले २३ जना सांसद लिएर नयाँ पार्टी गठन गरे- एकीकृत समाजवादी । जुन दल अहिले सत्ता गठबन्धनमा आबद्ध छ । आउँदो निर्वाचनमा गठबन्धनसहित निर्वाचनमा होमिँदै छ ।

नेपाली कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, राष्ट्रिय जनमोर्चालगायतका दलले गठबन्धन गरेर चुनावमा जाने निर्णय गरिसकेको अवस्थामा ओलीलाई भावी प्रधानमन्त्रीका रूपमा अघि सार्दा आफूलाई मत बढी आउने आकलनसहित एमालेले उनैलाई अघि सार्ने निर्णय गरेको हो । एमालेका अन्य नेताभन्दा ओली लोकप्रिय छन् । जनतामा उनको प्रभाव अन्य नेताभन्दा धेरै छ । यसैलाई ' क्यास' गर्ने उद्देश्यसहित एमालेको केन्द्रीय कमिटी बैठकले भावी प्रधानमन्त्रीका रूपमा ओलीलाई अघि सार्दै निर्वाचनमा जाने निर्णय गरेको देखिन्छ ।

### उम्मेदवार छनोटको मापदण्ड पारित

केन्द्रीय कमिटी बैठकले उम्मेदवार छनोटको मापदण्ड पनि पारित गरेको छ । बैठकले उम्मेदवार सिफारिसका लागि आवश्यक मापदण्डसहित जिल्ला र क्षेत्रीय कमिटीहरूलाई सर्कुलर गर्ने निर्णयसमेत गरेको छ ।

सचिवालय हुँदै स्थायी कमिटी र पोलिटब्यूरोमार्फत अनुमोदन भएको मापदण्ड केन्द्रीय कमिटी बैठकले पारित गरेको हो । बैठकले आगामी निर्वाचनका लागि तय गरिएका मापदण्ड पारित गरेको उपमहासचिव एवं प्रचार विभाग प्रमुख पृथ्वी सुब्बा गुरुङले जानकारी दिए ।

यही मापदण्डलाई आधार मानेर भदौ २२ गतेभित्र उम्मेदवार सिफारिस गर्न तल्ला कमिटीलाई निर्देशन दिइएको छ । यसरी उम्मेदवार छनोट गर्दा पार्टीका नीति र कार्यक्रमप्रति प्रतिबद्ध हुनुपर्ने, लोकप्रियता र जितको सुनिश्चितता हुनुपर्नेलगायत मापदण्ड तय गरिएको छ ।

एमालेका अनुसार आन्दोलनमा योगदान र पार्टीप्रतिको निष्ठा, सन्तुलन र समावेशिता तथा निर्वाचन कानुनबमोजिमको योग्य हुनुपर्नेलगायतका मापदण्ड पारित गरिएको छ ।

उपमहासचिव गुरुङका अनुसार जिल्लाको प्रतिनिधिसभा क्षेत्र समन्वय कमिटीले जिल्ला, जिल्ला कमिटीले प्रदेश र प्रदेश कमिटीले केन्द्रमा उम्मेदवार सिफारिस गर्नेछ । सिफारिस गर्दा अन्य राय भए लेखी पठाउन भनिएको छ ।

तीनजना सिफारिस हुनेमा एक महिला अनिवार्य गरिएको छ । उम्मेदवारी सिफारिस भएकाहरूले निर्णय नभएसम्म उम्मेदवारी पक्का भएजस्तो व्यवहार गर्न नहुनेसमेत भनिएको छ ।

### समानुपातिक उम्मेदवार नदोहोर्‍याउने

एमालेले समानुपातिकको अवसर प्राप्त गरिसकेकालाई यसपल्ट नदोहोर्‍याउने निर्णय गरेको छ । समानुपातिक पार्टीको साझा उपलब्धि रहेको बताउँदै न्यायोचित वितरणका लागि केन्द्रीय कमिटी बैठकले यस्तो निर्णय गरेको प्रचार विभाग प्रमुख गुरुङले बताए ।

'समानुपातिक मत पार्टीको लोकप्रियताबाट प्राप्त हुन्छ । यो सामूहिक कमाइ हो । बन्दसूची तय गर्दा दामासाही वितरण प्रणाली अर्थात् न्यायोचित वितरण प्रणाली आवश्यक हुन्छ । एकचोटी अवसर प्रयोग गरेकालाई आमरूपमा दोहोर्‍याएर सिफारिस गर्न पाइने छैन,' बैठकका निर्णय सुनाउँदै उपमहासचिव एवं प्रचार विभाग प्रमुख गुरुङले भने ।

कुनै पनि तहको निर्वाचनमा यसअघि पराजितलाई पनि आमरूपमा उम्मेदवार नबनाउने पनि निर्णय गरिएको छ । जनाधार भएकाको हकमा भने निर्णय लिन सकिने बताइएको छ । 'प्रत्यक्ष निर्वाचन क्षेत्रमा जनाधार, निर्वाचन दाउपेच, लोकप्रियता, निश्चित मत, जित्ने सम्भावना बढी र संसदीय भूमिकासमेतलाई लिएर निर्णय गर्नुपर्छ,' एमालेले भनेको छ ।

### "आफैं उम्मेदवारी घोषणा नगर्नू"

एमाले अध्यक्ष ओलीले पार्टीले निर्णय नगरी आफैं उम्मेदवारी घोषणा गर्दै नहिँड्न नेताहरूलाई निर्देशन दिएका छन् । शनिबार सम्पन्न कमिटी बैठकमा राजनीतिक प्रतिवेदनमाथि उठेका प्रश्नहरूको जवाफ दिने क्रममा अध्यक्ष ओलीले पार्टीले सबै कुराको विचार गरेर उम्मेदवार तय गर्ने बताए ।

'आफूले आफूलाई उम्मेदवार घोषणा गर्ने होइन । पार्टीले उठाए चुनाव लड्ने, नत्र अर्को उम्मेदवार जसलाई पार्टीले उठाउँछ उसलाई जिताउने हो । पार्टीलाई हराउन लागे सहच हुँदैन,' ओलीले बैठकमा भनेका थिए ।

उनले सामाजिक सञ्जाललाई एमालेको विचार प्रवाह गर्ने र पार्टीको पक्षमा जनतालाई प्रस्ट पार्ने माध्यमका रूपमा उपयोग गर्नसमेत निर्देशन दिए । पार्टीको नीतिविपरीत नहिँड्न र बाहिर विरोधीहरूकाबीच लोकप्रिय बन्नका लागि पार्टीलाई घाटा हुने अभिव्यक्ति नदिनसमेत अध्यक्ष ओलीको चेतावनी छ ।

ओलीले लोकतान्त्रिक, देशभक्त, प्रगतिशील र वामपन्थीहरूबीच एकता र सहकार्यको आह्वान पनि गरेका छन् । तर, त्यस्तो एकता सक्कली हुनुपर्ने उनको सर्त छ । ओलीले एकताको नाममा अल्मलिने भूलचाहिँ एमालेले नगर्ने प्रस्टचाएका छन् ।

# भविष्य उज्ज्वल बनाउनतर्फ अग्रसर हुनूस् : गगन थापा



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका महामन्त्री एवं सांसद गगनकुमार थापाले युवा पुस्तालाई आफ्नो भविष्य उज्ज्वल बनाउनेतर्फ अग्रसर हुन आग्रह गरेका छन् ।

राजधानीमा आयोजित लुम्बिनी एकेडेमी कलेजको अभिमुखीकरण तथा स्वागत कार्यक्रमलाई सम्बोधन गर्दै उनले युवापुस्तालाई उज्ज्वल भविष्य बनाउनतर्फ अग्रसर हुन आग्रह गरे ।

त्यस्तै, लुम्बिनी एकेडेमी कलेजका प्रेन्सिपल रवीन भट्टराईले नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत गर्दै यसवर्ष उज्वल भविष्य निर्माणका लागि विद्यार्थीहरूले सहि गन्तव्य रोजेकोमा धन्यवाद व्यक्त गरे ।

त्यस्तै, कार्यक्रमको विशिष्ट अतिथिका रूपमा त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति एवं शिक्षाविद् तिर्थ खनियाँ, कलेजका प्लस टु कार्यक्रमका संयोजक अञ्जनि कोइराला, विविएम कार्यक्रमका संयोजक रविन्द्र लामाको उपस्थिति रहेको थियो ।

कार्यक्रममा मनोरञ्जनार्थ कमेडियन गणेश राई, डान्सर विक्रम मोक्तान, राष्ट्रिय फुटबल टीमका नेशनल कोच विष्णु गुरूङ मोटिभेस्नल स्पिकर सहित कलेजका विभिन्न विषयका शिक्षक शिक्षिका, अभिभावकसहित विद्यार्थीहरूको बाक्लो उपस्थिति रहेको थियो ।

उक्त कलेजमा कक्षा ११ र १२ तर्फ विज्ञान, व्यवस्थापन, मानविकी, कानुन लगायतका विषयहरू अध्यायन अध्यापन तथा पठनपाठन हुँदै आइरहेको छ भने, व्याचलर तर्फ एमबिएस, बिबिएस, बिसिए, बिबिएम् लगायतका कोर्सहरू पठनपाठन हुँदै आइरहेका छन् ।

लुम्बिनी एकेडेमीक कलेज विशेषगरि व्यवस्थापन तथा विज्ञान विषयका लागि उत्कृष्ट कलेजका रूपमा लिइन्छ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# तीजलाई विकृत नबनाऔं

महिलाहरूको महान पर्व हरितालिका (तीज) नजिकै आँइपुगेको छ । यही भदौ १४ गते तीज पर्व परेको छ । तर, सहरमा मात्र होइन गाउँमासमेत केही दिन पहिल्यैबाट तीज लागिसकेको छ । दर खाने कार्यक्रम भइरहेका छन् । दिदीबहिनीहरू जमघट गरेर 'रमाइलो' गरिरहेका छन् ।

तीजलाई मौलिक पर्वका रूपमा लिइन्छ । खासगरी हिन्दू धर्म मान्ने महिलाहरू यो पर्व मनाउँछन् । विगतका दिनमा गाउँघरमा साथी सहेली, फुपू आमाजू, ठूलीआमा, सानीआमा सबै महिला दिदीबहिनी एकै ठाउँमा जम्मा भई दुःखसुखका गीत गाएर, नाचेर वर्षभरिका पीडा भुल्ने पर्वका रूपमा तीज मनाइन्थ्यो । पोइली घरमा वर्षभरि भोग्नुपरेका पीडा वा खुसीलाई गीतका माध्यमबाट व्यक्ति गरिन्थ्यो । श्रीमान्सँगका गुनासा, सासूसँगका गुनासा गीतमै अभिव्यक्त गरिन्थ्यो । माइतबाट कोही लिन नआएको, घाँस, दाउरा बोकेर बसेको, माइती लिन आउलान् भन्दै बाटो हेरेकोजस्ता कुरा तीज गीतमा हुन्थे ।

परम्परादेखि नेपाली नारीले तीज पर्वलाई रमाइलो गरी मनाउँदै आएकाले यो पर्व नेपाली दिदीबहिनीहरूका लागि महत्त्वपूर्ण मानिन्छ । रातो सारी पहिरिएर सुखदुःखका भाका गाउँदै माइतीको आँगनमा छमछमी नाँच्ने पर्वका रूपमा तीजलाई लिइन्छ । आफ्ना साथीसंगीसित नाचगान गर्दै सुखदुःख साटासाट गर्दा महिलाले वर्ष दिनभर भोगेको आफ्नो व्यथा हलुंगो भएको महसुस गर्छन् भन्ने मान्यतासमेत राखिन्छ ।

तर, पछिल्लो समय तीज मनाउने परम्परागत शैलीमा व्यापक परिवर्तन आएको छ । तीजको संस्कार हराउँदै गएको छ । नाचगान, गीत, पहिरनका क्षेत्रमा आएको परिवर्तनले तीजको मौलिक स्वरूप पूरै हराउने अवस्था देखिएको छ । गायिकासित नारिएर गायक पनि तीज गीत गाउँदै रमाउन थालेका छन् भने परम्परागत लोकलय र वाद्यवादन शैली पनि पूरै विस्थापित हुने हो कि भन्ने चिन्ता बढेको छ ।

तीजको साँस्कृतिक पक्षभन्दा बढी व्यापारिक पक्ष हाबी भएको छ । तीज मौलिक होइन, विकृत हुने खतरा बढेको छ । सञ्चारमाध्यम र सामाजिक सञ्जालमा झपक्कै गरगहना र महँगा साडी लगाएर पाश्चात्य शैलीका गीतमा नाच्दै रमाइरहेका महिलालाई देख्दा ग्रामीण भेगका वनजंगल र मेलापात गर्नुपर्ने विपन्न महिलालाई हिनताबोधसमेत हुने अवस्था पैदा भएको छ । धार्मिक आस्था र सामाजिक सद्भाव झल्कनुपर्ने तीज पर्वलाई हुँदा खाने र हुने खाने वर्गको वर्गीय पहिचान हुने चाड बनाइँदै लगिएको छ ।

तीजको ऐतिहासिक मौलिकपन दिन प्रतिदिन खस्किँदै जान थालेको छ । पछिल्लो समय तीज पर्व मनाउने शैलीमा तडकभडक र विकृति बढ्दै गएको गुनासो व्यापक बन्दै जान थालेको छ । आजभोलि तीजका गीत सुन्दा तीजका हुन् कि रत्यौलीका छुट्याउनै गाह्रो हुने अवस्था आएको बूढापाका बताउँछन् ।

चाडपर्वको नाममा पश्चिमी संस्कार हाबी भएको जानकारहरूको भनाइ छ । चाडपर्व, संस्कृति र पहिचानलाई बचाइराख्न नेपालीपनको भावना, आस्था र विश्वासको खाँचो देखिन्छ । तीज मनाउन महिलाले अरूको देखासिकी, तडकभडकभन्दा संस्कृति बचाउन अघि बढ्नुपर्ने भएको छ ।

कुनै तीज गीत परिवारसँगै बसेर हेर्न र सुन्न नसकिने खालका छन् । उत्ताउलो पहिरन, पश्चिमी शैलीको नृत्य, म्युजिक भिडियोमा गरिने अभिनय त्यति नै अराजक हुँदा तीज गीत नै हो भन्न सकिने अवस्था छैन । यसले तीजको संस्कृतिलाई विकृत बनाइरहेको छ । गहना प्रदर्शन गर्ने पर्व बन्न थालेको छ । तीजका नाममा फजुल खर्च बढिरहेको छ । यी तमाम विकृति र विसंगतिलाई अत्य गर्दै तीजको मौलिकता बचाइराख्नुपर्छ । परम्पराका नाममा हुने गलत कुरालाई अत्य त्यागे पनि यसको साँस्कृतिक, सामाजिक पक्षलाई भने बचाइराख्नुपर्छ । यसको गरिमालाई ओझेल पर्न दिनु हुँदैन ।

## मनन्योग्य

### विदुर नीति

(अतिथि सत्कार गर्दा मधुपर्क दिइने गरिन्छ । मधुपर्क भनेको दहीनलाई गुलियो हुने गरी मह मिसाईएको पदार्थ हो । मधुपार्क दिन योग्य ठानिएका महानुभाव ६ जना स्नातक, आचार्य, पूरोहित, राजा, जुवाई र असल एव्म प्यारो साथी हुन् । अर्घ्य पनि दिने प्रचलन छ । वेदविता ब्राह्मण आचार्य अथवा पूरोहित यो अर्घ्य योग्य छन् । श्राद्ध भन्नाले पितृकर्म एवम् मृतकको कृत्यलाई बुझ्नुपर्दछ । श्राद्धकार्यको अधिकार वेद जान्ने ब्राह्मणलाई मात्र प्राप्त भएको छ भन्ने कुराको यस श्लोकले पुष्टि गरेको छ । तसर्थ श्राद्ध आदि पितृ कार्यमा पढेदेखेको, वेद जान्ने ब्राह्मणलाई मात्र संलग्न गराउनुपर्दछ । यस श्लोकमा उल्लेखित षड्गुण गोपनियताको राजनीतिक विषयसँग सम्बन्धित छन् यी ६ वटा गुण निम्न लिखित छन् :

१. सन्धि- शत्रसँग वा छिमेकी वा अरु राष्ट्रको सरकारसँग सहयोगको निम्ति वचन लिनु-दिनुको सम्झौता गर्नु ।
२. विग्रह- शत्रु वा अरु विर्धमी, बदमास, प्रजापीडक शासन (राजा) हरूसँग टाढा रहनु वा सम्बन्धविच्छेद गर्नु ।
३. यान- शत्ररलाई आक्रमण गर्नु ।
४. आसन- उत्तेजित पार्ने खालको शत्ररको हाँक सुन्दा पनि आफ्नो पक्ष निर्वल छ भन्ने सम्झेर आफूतर्फ शक्तिसञ्चय भई सक्षम नहोउन्जेलसम्म चुपचाप बस्नु ।
५. द्वैधीभाव- दुई किसिमको मनसाय लिनु । देखावटी रूपले वैरीसँग मित्रता गर्नु, भित्री तवरले भने शत्रुता राखी आफ्नो सेनालाई दुई भागमा (टुकडीमा) विभाजन गरेर एउटालाई धावा बोल्नु वा वैरीतर्फ आक्रमण कार्य गर्नु अर्को टुकडीलाई प्रत्यक्ष अरुले देख्ने गरेर अपमानित गर्नु र गोप्य रूपले शत्रुपक्षमा मिल्न पठाउनु, आफूसँगबाट छुट्टिएर शत्रुतर्फ मिलेको यस किसिमको सेनाको टुकडीले लडाईको बेलामा शत्रुको सेनाभित्र पसेर त्यसलाई नष्ट पार्दछ । **क्रमशः**



▶▶ श्रीकृष्ण पौडेल

# कानुनी शिक्षामा वैज्ञानिक पाठ्यक्रमको आवश्यकता

मानव सभ्यताको विकास र विस्तारसँगै सामाजिक परिवेश र सामाजिक सहअस्तित्व कायम गर्न कानुनको आवश्यकता महसुस गरिएको हो । मानव सभ्यताको सुरुआतसँगै यहाँसम्म आइपुग्नुमा कानुनी संरचनाले खेलेको महत्त्वपूर्ण भूमिकालाई कम आकलन गर्न सकिँदैन । मानव व्यवहारलाई नियन्त्रण र नियमन गर्ने महत्त्वपूर्ण साधनको रूपमा कानुनलाई लिइन्छ । सबल र सभ्य समाज निर्माणका लागि कानुनको आवश्यकतालाई भुल्नु हुँदैन । कानुनी ज्ञानको उपलब्धता प्रभावकारी बनाउने कडीको रूपमा कानुनी शिक्षालाई लिन सकिन्छ । विधिशास्त्रीहरूले कानुन समाजमा अभ्यास गरिने साधन हो भन्छन् । कानुनको मुख्य उद्देश्य मानव जीवनलाई शासित गर्ने हो । मानवलाई आफू नियन्त्रित र चलायमान हुने साधनको बारेमा ज्ञान हुन जरुरी छ । भनिन्छः जहाँ मानव हुन्छन्, त्यहाँ कानुन हुन्छ (इट क्याननट रन इन भ्याकुम) । त्यसैले कानुनी शिक्षाको महत्त्व व्यापक छ ।

नेपाली कानुन प्रणालीमा धर्म, संस्कृति, मूल्यमान्यताले प्रभाव जमाउँदै आएको छ । मनुस्मृति, नारदस्मृति, शुक्रनीति, याज्ञवाल्क्यस्मृति आदिले नेपाली कानुनी प्रणालीको विकासमा टेवा पुऱ्याएका छन् । हामी धर्मशास्त्रबाट नै शासित भएको हुनाले यसमा कानुनी शिक्षा पनि समाहित हुने गर्दथ्यो । प्राकृतिक कानुन, मौलिक हक, मानवअधिकार, मानव अस्तित्व रक्षाजस्ता नयाँ आयामको सुरुआतसँगै धर्म र संस्कृतिलाई अलग्गै हेर्न थालियो ।

नेपाली इतिहासको विभिन्न कालखण्डमा अपराध रोकथाम, दण्ड-सजाय, न्याय व्यवस्थाका लागि विभिन्न कार्य भएको पाइन्छ । अपराधको प्रकृति, विवाद समाधान, साक्षी परीक्षण, दण्ड-सजाय आदिमा काम गर्न विभिन्न तह र विभाग सक्रिय थिए । कानुनी दस्तावेजहरूको प्रकाशनपश्चात् कानुनलाई धर्मशस्त्रबाट अलग राखेर हेर्न थालियो । नेपालमा कानुनी शिक्षाको सुरुआत भने श्रेस्ता पाठशालाबाट भएको पाइन्छ । श्रेस्ता पाठशालाको स्थापना वि.सं. १९६२ सालमा भएको थियो ।

वि.सं. १९१० को मुलुकी ऐन जारी भएपछि १९६२ सालसम्म कानुनी जटिलता समाधान गर्न अनुभवको आधारमा र केही कानुनका जानकार व्यक्तिहरूको सहयोगमा अड्डाबाट कार्य गरिन्थ्यो । कानुनी शिक्षाको थालनी र विकासमा श्रेस्ता पाठशालाको योगदान अतुलनीय रहेको कुरामा कुनै शंका रहेन । निजामती कर्मचारीको परीक्षाका लागि अध्ययन गराउने र पासको प्रमाणपत्र दिने व्यवस्था गरियो । कानुनी शिक्षाको लामो इतिहास हाम्रसामु रहँदा पनि कानुनी शिक्षाको गुणस्तरीयता र यसको सम्वर्द्धन भने त्यति सन्तोषजनक छैन । समाज परिचालन, सामाजिक व्यवहार र जीवनयापनमा महत्त्वपूर्ण रहेको कानुनी शिक्षा यो अवस्थामा आउनुमा सरोकारवाला निकायको उदासीनताको गुञ्जायस देखिन्छ ।

नेपालमा कानुनी शिक्षाको इतिहाससम्बन्धी विभिन्न अनुसन्धानमूलक लेखहरू प्रकाशित छन् । कानुनी शिक्षाको निरन्तरताका लागि वि.सं. २०११ सालमा नेपाल ल क्याम्पसको स्थापना भयो । कानुनी शिक्षा प्रदान गर्ने विशिष्टीकृत संस्थाको रूपमा नेपाल ल क्याम्पसलाई लिन सकिन्छ । अहिले न्याय क्षेत्रका दिग्गज व्यक्ति र कानुन निर्माण गर्ने क्षेत्रमा यही क्याम्पसबाट अध्ययन गरेका व्यक्तित्वहरूको उपस्थिति रहेको छ । त्यसैगरी अधिकांश कानुन व्यवसायमा संलग्न कानुन व्यवसायीहरू पनि यसै ल क्याम्पसका हुन् । स्थापनाका बखत भारतको पटना विश्वविद्यालयबाट सम्बन्धन लिई कानुनी शिक्षाको अध्ययन विश्वविद्यालयस्तरबाट थालनी भएको हो ।

वि.सं. २०११ सालमा स्थापना भएको यो क्याम्पस त्रिभुवन विश्वविद्यालयभन्दा पनि पाँच वर्ष पुरानो अध्ययन संस्थान हो । पछि त्रिभुवन विश्वविद्यालय ऐन २०१६ कार्यान्वयनमा आएपछि नेपाल ल क्याम्पसले यसै विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गऱ्यो । यसरी हेर्दा नेपाल ल क्याम्पस नेपालको जेठो कानुनी शिक्षा प्रदान गर्ने शैक्षिक संस्था हो भन्न सकिन्छ । विभिन्न अभिलेखबाट प्राप्त जानकारी अनुसार वि.सं. २०११ कात्तिक ५ गते ल क्याम्पस उद्घाटन समारोहमा प्राचार्य रामराज पन्तले गरेको भाषणमा 'सुरुआती दिनमा २५ जना विद्यार्थी लिई पठनपाठन सुरु भएकोमा हाल ७२ जना विद्यार्थी रहेको' भनी उल्लेख छ । यस भाषणबाट उक्त समयमा पनि कानुन अध्ययन गर्न चाहने विद्यार्थीको संख्या उत्कृष्ट रहेको थाहा पाउन सकिन्छ । यसरी कानुनी शिक्षाको थालनीको इतिहासमा महत्त्वपूर्ण भूमिका खेलेको नेपाल ल क्याम्पसका उत्पादकहरूले नेपालको समग्र कानुन प्रणालीको विकास र न्यायिक प्रक्रियामा सामेल भई यसको सुधारमा पनि लागिपरेका छन् ।

बर्सेनि दक्ष जनशक्ति उत्पादनमा नेपाल ल क्याम्पसले योगदान गरे पनि कानुनी शिक्षाको गुणस्तरमा भने प्रश्न खडा भएको देखिएको छ । हाल विभिन्न विश्वविद्यालयअन्तर्गत कानुन विषयको अध्ययन अध्यापन हुन्छ र माध्यमिक तहको ११ र १२ मा पनि कानुन अध्ययन अध्यापन हुन्छ । माध्यमिक तहको ११ र १२ मा कानुन अध्ययन गर्ने विद्यार्थीले पूरै कानुनका विषय पढ्नुपर्छ भने स्नातकमा कला (आर्टस्)का विषयहरू समेत अध्ययन गर्नुपर्छ । ११ र १२ मा कानुन पढेका विद्यार्थीलाई फेरि स्नातकमा अरू विषय पढ्नुपर्ने बाध्यता छ । अध्ययनको औचित्यतासम्बन्धी अध्ययन गरेर विद्यार्थीलाई अन्योलमा राख्नुहुँदैन । स्नातक तहको सेमेस्टर प्रणालीअन्तर्गतको बिएएलएलबी प्रवेश परीक्षामा बढ्दो आकर्षणसँगै अपेक्षित मात्रामा विद्यार्थी भर्ना गर्न सकिएको छैन ।

देशमा कानुन निर्माण, सरकार सञ्चालन, न्याय सम्पादन, प्रशासनिक काम कारबाहीमा पनि अब्बल देखिएका यस्ता उत्पादनहरूको प्रतिस्पर्धाले कानुनी शिक्षाको स्तर मापन गर्ने र समग्र न्याय प्रणालीको क्षमता पनि निर्धारण गर्ने हुँदा यसको प्रभावकारिता अभिवृद्धि गराइ गुणस्तरीयतामा ध्यान दिन जरुरी छ । कानुनी शिक्षालाई यसरी जीवनोपयोगी बनाउन सकिन्छ



भन्ने विषयमा सरोकारवाला निकाय जागरूक हुनुपर्दछ । नेपालमा विश्वविद्यालयस्तरमा कानुनको पाठ्यक्रम बनाउने जिम्मा नेपाल बार काउन्सिललाई दिइएको छ । नेपाल बार काउन्सिलको अध्यक्ष महान्यायाधिवक्ता हुने र उपाध्यक्ष नेपाल बार एसोसिएसनका अध्यक्ष हुने व्यवस्था छ । त्यसैले नेपाल बार एसोसिएसन र महान्यायाधिवक्ता कार्यालयको भूमिका महत्त्वपूर्ण छ ।

केही विद्यार्थी संगठनको दबाब र सर्वोच्च अदालतको आदेशसमेतको आधारमा १० हजारभन्दा विद्यार्थी भर्ना गरेर कानुनी शिक्षाको गुणस्तरमा प्रश्न चिह्न खडा भएको छ । न्याय सेवामा कानुनमा स्नातक गरेको भनेर शैक्षिक योग्यता राखिएको छ र गुणस्तरीय कानुनी शिक्षाको अभावमा त्यस्ता जनशक्तिले कस्तो योगदान गर्छन् र न्याय व्यवस्था सुध्रिन सक्छ ? लामो समयदेखि पाठ्यक्रम परिमार्जन नहुने र शिक्षण सिकाइ विधि विद्यार्थीकेन्द्रित नहुनुले पनि कानुनी शिक्षाको गुणस्तरीयतामा प्रश्न चिह्न खडा भएको छ । कानुनी शिक्षालाई अनुसन्धानमा आधारित बनाइ विश्लेषणात्मक अध्ययनद्वारा व्यावहारिक ज्ञानमा आधारित न्यायपालिकामा टेवा पुऱ्याउनसक्ने जनशक्ति उत्पादनमा केन्द्रित गर्न नसकिनु, त्यसैगरी तोकिएको शैक्षिक सत्रभित्र विद्यार्थीले आफ्नो अध्ययन पूरा गर्न नपाउनु र उनीहरूलाई सैद्धान्तिकभन्दा व्यावहारिक ज्ञानको शिक्षा कम उपलब्ध गराइनुले नेपालमा कानुनी शिक्षाको गुणस्तरीयताको विस्तारमा अवरोध सिर्जना भएको छ भन्ने आभाष हुन्छ ।

नेपाल ल क्याम्पसको स्थापना दिवस विशेषांक २०७९ मा कानुनी शिक्षासम्बन्धी अनुसन्धानात्मक लेखमा समग्र नेपालको कानुनी शिक्षाको इतिहासको चर्चा गरिएको छ । यति लामो इतिहास बोकेको कानुनी शिक्षाको वर्तमान अवस्था सन्तोषजनक नहुँदा भावी कार्यदिशा कस्तो हुने भन्ने विषयमा खासै छलफल भएको छैन । कानुनी शिक्षा हासिल गर्ने माध्यम के साँच्चिकै प्रभावकारी छन् ? र, उनीहरूले सिकेका कुराले नेपाली न्याय प्रणालीमा कस्तो योगदान गरेका छन् वा कत्तिको उपयोगसिद्ध भएका छन् भनेर लेखाजोखा भएको पाइँदैन ।

अर्कातिर नेपालमा कानुनी शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूले लिने शुल्क उच्च रहेको छ । मध्यम आय वर्ग भएका परिवारका सन्तानले नेपालमा कानुनी शिक्षा लिन नसक्ने स्थिति देखापरेको छ । कानुनी क्षेत्र बौद्धिकता र कुशलता देखाउने स्थान हो र यो विषय अध्ययन गर्न आर्थिक अवस्थाले फरक पार्नु हुँदैन । राज्यको प्रमुख अंगको रूपमा रहेको र न्याय सम्पादनजस्तो महत्त्वपूर्ण जिम्मेवारी बहन गर्ने न्यायपालिकामा सक्षम र कुशल न्यायमूर्ति हुन आवश्यक छ र यसको निर्क्योल उसले प्राप्त गर्ने कानुनी शिक्षामा निर्भर गर्दछ । संविधानको मर्म भावनाअनुसार काम गर्नु र जनहितको पक्षमा काम गर्नु नै सरकारको उद्देश्य र विधिको शासन, शान्ति सु-व्यवस्था, सामाजिक न्यायको सुनिश्चितता र समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्नु सरकारको लक्ष्य हुनुपर्दछ ।

जब कानुनी शिक्षा नै भरपर्दो, जनमुखी र व्यावहारिक हुँदैन आमनागरिकले कानुनी शासनको प्रत्याभूत गर्न सक्दैनन् । गुणस्तरीय कानुनी शिक्षाको माध्यमबाट नै देशमा स्वतन्त्र न्यायपालिका, मानवअधिकार र कानुनी राज्यको परिकल्पना गर्न सकिन्छ । अधिवक्ता यज्ञमणि न्यौपानेविरुद्ध त्रिभुवन विश्वविद्यालयसमेत विपक्षी रहेको मुद्दामा सम्मानित सर्वोच्च अदालतले सफल कानुनी राज्यका लागि दक्ष र असल कानुनकर्मी उत्पादन गर्न प्रभावकारी कानुनी शिक्षा प्रणाली आवश्यक हुन्छ भनी उल्लेख गरेको स्थिति छ । त्यसैले कानुनी शिक्षा महत्त्वपूर्ण विषय हो, यसबाट सम्बन्धित सरोकारवाला निकाय पन्छिन मिल्दैन । सबै सरोकारवाला निकायको गहन बहस जरूरी छ, जसमा कानुनी शिक्षाको विकास विस्तारमा सार्थक संलग्नता आवश्यक छ ।

कानुनी शिक्षा कानुन अध्ययन गर्ने विद्यार्थी, न्यायाधीश, कानुन निर्माता, कानुन व्यवसायी, प्राज्ञिक र अनुसन्धानकर्ताका लागि मात्र उपयोगी होइन आफ्नो जीवनमा आइपर्ने कानुनी झण्झटबाट मुक्त हुन र सामाजिक सहिष्णुता कायम गर्न पनि कानुनी ज्ञान आवश्यक छ । कानुनको अनभिज्ञता क्षम्य हुँदैन भन्ने कानुनको सर्वमान्य सिद्धान्त रहेको छ । व्यक्तिले कानुनको उल्लंघन गर्दा राज्यले उक्त कार्यलाई कानुनको दायरामा ल्याई कारबाही गर्दछ । कानुनको उल्लंघन गर्दा सजायको कुरामा सर्वप्रथम सरकारले उक्त कानुन जनतालाई बुझाउन के गऱ्यो, कस्तो संयन्त्रले जनतालाई कानुन सिकायो र कानुनको उल्लंघनमा सजाय गऱ्यो भन्ने प्रश्न विद्यमान छ ।

संविधान जारी भएको सात वर्ष पुग्न लाग्दा पनि यसको पर्याप्त प्रकाशन हुन सकेको छैन । यथेष्ट मात्रामा कानुनको प्रकाशन र शिक्षा उपलब्ध गराउन सकियो भने मात्र हामीले खोजेको समृद्ध नेपालको चाहना पूरा गर्न सकिन्छ । कानुनी शिक्षामार्फत जनतालाई सचेत गराई दण्डहीनतारहित समाजको निर्माण गर्न सकिने कुरामा कुनै द्विविधा छैन । जनसंख्याको अनुपातमा आवश्यक पर्ने संख्याको अनुमान गरी प्रकाशन गर्न र कानुनको प्रचारप्रसार हुन सकेको छैन । राज्यको स्रोतले नभ्याउने हो भने विद्यालयस्तरबाट कानुनी शिक्षा उपलब्ध गराउन सकिन्छ । पन्ध्रौं योजनामार्फत कानुनी शिक्षा र शिक्षण प्रणालीलाई व्यवस्थित, गुणस्तरीय र आधुनिक बनाउने रणनीति तय गरी कानुनी शिक्षा र शिक्षण प्रणालीलाई प्रविधियुक्त बनाई नागरिक शिक्षासँग जोड्ने र आधुनिकीकरणसँगै विधागत रूपमा विशिष्टीकृत गर्दै व्यावसायिक र आकर्षित बनाउन कार्यनीति जारी गरिएको अवस्था छ ।

आवश्यकता महसुस गरिएको विषय भए पनि सरोकारवाला निकायको बेवास्ता कायम छ । वर्तमान समयमा आपराधिक घटनामा बालबालिकाको बढ्दो संलग्नताले गम्भीर समस्या निम्त्याउँदै छ । विद्यालय शिक्षामा कानुनी शिक्षाको अभावले त्यस्ता घटना बढ्दै गएका हुन् कि भन्ने शंका गर्न सकिन्छ । महान्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन २०७७/७८ मा उल्लेख भएअनुसार कानुनको विवादमा परेका बालबालिकाको संख्या एक हजार ८०३ रहेको छ । कानुनी शिक्षाको क्षेत्र व्यापक छ र यसलाई विश्वविद्यालयले प्रदान गर्ने शिक्षासँगै कानुनी सचेतनासँग पनि जोड्न सकिन्छ ।

विद्यालय शिक्षाको पाठ्यक्रम परिमार्जन गरी केही आपराधिक घटनामा कानुनी व्यवस्थाबारे सन्दर्भ सामग्रीमा उल्लेख गर्न सकिन्छ । हाम्रो शिक्षा पद्धति व्यवहारमुखि र व्यावसायिक नरहेको भनेर आलोचना भइरहन्छ । शिक्षण सिकाइ विधिमा कक्षाकोठामा साँच्चिकै शिक्षकले अभ्यास गराए कि गराएनन् भनेर जाँच गर्ने संयन्त्रको व्यवस्था छैन । त्यसैले विद्यालय तहका पुस्तकमा पाठ्यक्रमभित्र समावेश गरेर कानुनी शिक्षा प्रदान गर्न सकियो भने देशमा आपराधिक घटनामा कमी आउने र शान्ति सुव्यवस्था कायम गर्न सकिन्छ । मुलुक निर्माणमा टेवा पुऱ्याउनसक्ने जनशक्ति उत्पादनका लागि सरकारले यथेष्ट मात्रामा बजेट विनियोजन गरी खर्च गर्न डराउन हुँदैन ।

नेपालमा कानुनी शिक्षाको गुणस्तरमा जिम्मेवारी बहन गर्ने र प्रभावकारी भूमिका खेल्ने नेपाल बार काउन्सिल, महान्यायाधिवक्ता कार्यालय, नेपाल बार एसोसिएसन, सर्वोच्च अदालत, विश्वविद्यालय, शिक्षण संस्था आदि हुन् । काउन्सिलले विश्वविद्यालय र कक्षा १२ सम्म अध्ययन गराउने शैक्षिक संस्थाको कानुनी शिक्षाको मापदण्ड निर्माण गर्ने र पाठ्यक्रम स्वीकृत गर्ने काम गर्दछ । वर्तमान अवस्थामा कानुन व्यवसायीको परीक्षा लिने र उत्तीर्ण हुनेलाई केही दिन तालिम दिएर प्रमाणपत्र दिने, त्यसैगरी

पाठ्यक्रममा रहेका विषयवस्तु के साँच्चिकै अनुसन्धानमा आधारित छन् ? व्यावहारिक शिक्षण सिकाइ छ, यस्तो पठनपाठनले न्याय प्रणाली सुधार गर्न सक्छ कि सक्दैन भन्ने विषयमा कसैको चासो नभएकोमा आपत्ति छ । अध्ययन गर्ने हो भने नवोदित कानुन व्यवसायी कानुनी लिखत गराउन, बहस प्रस्तुति गर्न र मुद्दामा मस्यौदा गर्न पोख्त छैनन् । न्यायलयजस्तो महत्वपूर्ण र संवेदनशील राज्यको अंगमा यस्तो उदासीनता किन ?

आचारसंहिताविपरीत कार्य गर्ने केही कानुन व्यवसायीको प्रमाणपत्र रद्द गर्ने गरेको छ ।

पाठ्यक्रममा रहेका विषयवस्तु के साँच्चिकै अनुसन्धानमा आधारित छन् ? व्यावहारिक शिक्षण सिकाइ छ, यस्तो पठनपाठनले न्याय प्रणाली सुधार गर्न सक्छ कि सक्दैन भन्ने विषयमा कसैको चासो नभएकोमा आपत्ति छ । अध्ययन गर्ने हो भने नवोदित कानुन व्यवसायी कानुनी लिखत गराउन, बहस प्रस्तुति गर्न र मुद्दामा मस्यौदा गर्न पोख्त छैनन् । न्यायलयजस्तो महत्त्वपूर्ण र संवेदनशील राज्यको अंगमा यस्तो उदासीनता किन ? विश्वविद्यालयको पाठ्यक्रम अन्तर्राष्ट्रियस्तरको बनाउन र अनुसन्धानमुखी शिक्षामा जोड दिनेगरी बार काउन्सिलले काम गर्न जरुरी छ ।

समग्रमा कानुनी शिक्षाको योगदान देशको सामाजिक, साँस्कृतिक, कानुनी, आर्थिक स्थितिमा सुधार ल्याउन रहेको छ । उच्चस्तरको गुणस्तरीय कानुनी शिक्षाको उपलब्धताले कुशल शासक र न्याय सम्पादन गर्ने दक्ष न्यायमूर्ति निर्माणमा भूमिका खेल्दछ । कानुन अध्ययन गरेका शासकहरूको नेतृत्वमा विकास र समृद्धिको नयाँ फड्को मारेको अवस्था छ । कानुनी शिक्षाको उपयोगिता असल नागरिक निर्माणमा ध्यान केन्द्रित हुनुपर्छ ।

कानुनी सचेतना कार्यक्रममार्फत धेरै कार्य गर्न असम्भव हुने हुँदा विद्यालय शिक्षाको पाठ्यक्रम कानुनी शिक्षा र सचेतना झल्काउने र सबल समाज निर्माणतर्फ केन्द्रित हुनुपर्छ । गुणस्तरीय कानुनी शिक्षाले अराजकता, दण्डहिनता रोकथाम गर्दै राज्यव्यवस्थाको कार्यशैलीलाई सक्षम बनाउनतर्फ सजग बनाउँछ ।

देशमा कानुनी शासनको प्रत्याभूति दिलाउन र लोकतान्त्रिक मूल्य, मान्यताको सम्वर्द्धन गर्न कुशल न्यायमूर्तिको आवश्यक हुन्छ, जुन कानुनी शिक्षाको प्राप्तिले सम्भव हुन्छ । कानुनी शिक्षाको व्यवस्थापनमा जिम्मेवार निकायले यसको गरिमा बढाउन तत्पर रहनुपर्दछ । नेपाल बार काउन्सिल अन्तर्गत कानुनी शिक्षालाई व्यवस्थापन र मूल्यांकन गर्न एउटा छुट्टै विभाग सक्रिय ढंगले लाग्नुपर्दछ । कानुन विश्वविद्यालयको स्थापनाका लागि अध्ययन जरुरी छ । विद्यार्थीको चाप अध्ययन गर्ने र दक्ष प्राध्यापकको उपलब्धता तथा वैज्ञानिक पाठ्यक्रम निर्माण गर्न जरुरी छ । यसरी सबै क्षेत्रको सक्रिय उपस्थितिले मात्र यसको उपयोगिता सावित हुनसक्छ ।

*(अधिवक्ता समेत रहेका लेखक पौडेल नेपाल ल क्याम्पसमा एलएलएम अध्ययनरत छन्)*

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । सं.

# सीमा सुरक्षामा प्रहरीको प्रभावकारी भूमिका



■ रविन्द्र यादव

**नवलपरासी पश्चिम–** दुई दशक अगाडि स्थापना भएको सशस्त्र प्रहरी बल करिब १३ बर्ष देखि सीमा क्षेत्रमा हुने अबैध गतिविधि रोक्न अब्बल सावित भएको देखिन्छ। सिमित स्रोत साधनका बीच खुल्ला सीमाको अवैध गतिविधि रोक्न पछिल्लो समय सशस्त्र प्रहरी अग्रसर देखिएको हो।

अहिले सशस्त्र प्रहरी बल नेपाल हेड क्वाटर २६ नं गण बेलाशपुरले विवादित भुमि सुस्ता लगायत ५ वटा बिओपी र २ वटा राजमार्ग वेश क्याम्प मार्फत सीमा क्षेत्रमा निगरानी र चोरी तस्करी नियन्त्रणमा नवलपरासी पश्चिम सीमा क्षेत्रमा अब्बल मानिएको स्थानीयले विश्लेषण गर्न थालेका हुन्। अहिले नवलपरासी पश्चिम सशस्त्र प्रहरीले शान्ति सुरक्षा, अमनचयन र सिमा सुरक्षामा प्रभावकारी भूमिका निर्वाह गर्दै आएको देखिन्छ।

केही महिना यतादेखि सशस्त्र प्रहरी बल नेपाल  नवलपरासी पश्चिमद्धारा करिब एक करोड नौ लाख २७ हजार बराबरको बिभिन्न किसिमका अवैध लत्ताकपडा, किराना सामान, हार्डवेयरका सामान, खाद्यान्न, इलेक्ट्रोनिक्स लगायतका अवैध रूपमा भारतबाट चोरि तस्करी गरी ल्याएका सामनाहरू बरामद गरी भन्सार र राजस्व कार्यालयमा पठाइएको नवलपरासी सशस्त्र प्रहरी गण नं २६ का सूचना अधिकारी एवं सशस्त्र प्रहरी नायव उपरिक्षक केशब राज थापाले बताए।

नेपाल भारतको २७ किलोमिटर खुल्ला सिमाना नवलपरासी पश्चिममा रहेको छ। सीमामा हुने चोरी तस्करी रोकथाम देखि अपराधिक गतिबिधि नियन्त्रण गर्न सशस्त्र प्रहरी बल नेपाल २६ नं गणले पछिल्लो समय चासो देखाएको हो।

सशस्त्र प्रहरीले गर्दा सीमा क्षेत्रमा हुने अपराधिक गतिविधिदेखि अवैध चोरी तस्करी, लागू औषध ओसार पसार ठप्प जस्तै भएको छ।

अहिले सशस्त्र प्रहरी नवलपरासी पश्चिमले जिल्लाको विभिन्न विद्यालयका छात्रछात्रालाई लागू औषध, बालविवाह तथा चेलिबेटी बेचविखनबारे विद्यालयमै गई जनचेतनामूलक कार्यक्रम मार्फत जागरुक गरिरहेको छ।

नवलपरासी सशस्त्र प्रहरी, नेपाली सेना र नेपाल प्रहरीले बर्षातको बेला खोलानालामा भएको जलकुम्भी सरसफाइदेखि सिमावर्ती क्षेत्रका गाउँ टोल बस्तीमा हुने अराजक गतिविधि र आगलागी नियन्त्रणमा समेत योगदान दिँदै आएको स्थानियहरू बताउँछन्।

सशस्त्र प्रहरी बल नेपाल हेड क्वाटर २६ नं गणका गणपतिको कडा निर्देशनमा सशस्त्र प्रहरी बल बोर्डर आउट पोष्ट (बिओपी ) र बेश क्याम्पले राजस्व छलि भारतबाट ल्याइरहेका अबैध सरसमान धमाधम पक्राउ गरि आवश्यक प्रक्रिया अगाडि बढाएको हो।

नेपाल भारत सिमा क्षेत्रबाट अवैध रूपमा आयात निर्यात हुने सरसमान नियन्त्रणमा लिई सशस्त्र प्रहरीले भन्सार र राजस्व कार्यालय पठाउने गरेको छ। अहिले सिमामा सशस्त्र प्रहरीलाई चोरी तस्करी नियन्त्रणका लागि २६ नं गण मातहतका सम्पुर्ण बिओपी र बेश क्याम्पलाई प्रमुखको कडा निर्देशन रहेको सशस्त्र प्रहरी स्रोतको दाबी छ।

सिमा क्षेत्रमा विशेषगरी रातिको बेला चोरी तस्करी हुने भएकाले प्रमुख जिल्ला अधिकारी श्रवण कुमार पोखरेलको निर्देशनमा रातिको समयमा सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त गस्ती टोली परिचालन गरि नियन्त्रण गर्न थालिएको हो। चोरी तस्करी नियन्त्रणका लागि पटकपटक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा नेपाल प्रहरी प्रमुख र सशस्त्र प्रहरी प्रमुख बीच समन्वयसमेत भइरहेको सशस्त्र प्रहरी स्रोतले बताएको हो।

कोरोना संक्रमण नियन्त्रणमा सीमामा खटिएको सशस्त्र प्रहरीले त्यति बेला तोकिएको दायित्व मात्र निर्वाह गरेको हैन , सिमित साधनस्रोतका बावजूद चुनौतीलाई साहसका साथ सामना पनि गरेको थियो।

विषम परिस्थितिमा ज्यानको जोखिम मोलेर सीमामा सशस्त्र प्रहरी र नेपाल प्रहरी पहरा दिएका थिए। सीमा सुरक्षमा अहिले सशस्त्रको भूमिका सरानीय र प्रशंसा योग्य मात्र होइन, एकदम साहसिक देखिन्छ।

# गठबन्धनको साझा उम्मेदवार मै हुँ : मन्त्री चौधरी

■ प्रभाव संवाददाता

**देउखुरी–** नेकपा एकीकृत समाजवादीका पोलिट्व्यूरो सदस्य एवं सहरी विकासमन्त्री मेटमणि चौधरीले दाङ क्षेत्र नम्बर १ बाट आफू नै गठबन्धनको साझा उम्मेदवार भएको बताएका छन्।

क्षेत्रीय कार्यकर्ता भेलालाई सम्बोधन गर्न गृह जिल्ला आइपुगेका मन्त्री चौधरीले पार्टी स्थापना भएको भर्खरै १ वर्ष मात्र पुगेकाले अझै पनि पार्टी निर्माण गर्न, नयाँ साथीहरूलाई पार्टी प्रवेश गराउन र उचित जिम्मेवारी दिन ध्यान दिनुपर्ने बताए। उनले भने, 'हाम्रो पार्टी कलिलै अवस्थामा छ, अब यसलाई परिपक्क बनाउन धेरै काम भएकोले आ–आफ्नो जिम्मेवारीमा ध्यान दिनुस्।'

उनले राप्ती करिडोर शिलान्यास भइसकेकाले अब डिपिआरको थप प्रक्रिया अघि बढ्ने बताए। उनले भने, अब ढुक्क हुनुहोस्, राप्ती करिडोर बन्छ।' सहरी मन्त्री चौधरीले महदेवाबाट भारतको पचफेडवा बजार जोड्ने बाटो, सिर्सिया नाका खोल्ने लगायतका योजनालाई आफूले प्राथमिकतामा राखेको बताए। उनले भने, 'अब बाटोलाई प्राथमिकतामा राखेर काम गरिन्छ, नाकाहरू खोलेर यात्रा सहज बनाउनुपर्छ।'

उनले अब चुनावका लागी सबै नेता कार्यकर्ता लगिपर्नुपर्ने बेला आएको बताए। उनले भने, 'तपाईहरू चुनावको तयारीमा लाग्नुस्। केही समस्या भए भन्नुस्। यति बुझ्नुस् कि यस क्षेत्रबाट गठबन्धनको साझा उम्मेदवार मै हुँ।'

कार्यक्रममा एकीकृत समाजवादीका केन्द्रीय अनुशासन आयोगका सदस्य विर बहादुर केसी, केन्द्रीय कमिटी सदस्य शारदा श्वर्णकार, जिल्ला अध्यक्ष शुरामणि बेल्बासे लगायतले निर्देशनात्मक मन्तव्य राखेका थिए। त्यस्तै प्रतिनिधिसभाको निर्वाचनमा नन्दराज उपाध्यायले



चितवन-३ बाट स्वतन्त्र उम्मेदवारी दिने घोषणा गरेका छन्। उनले आफूले चितवन बदलेर देखाउने सुनाए। उनले आफू स्वतन्त्र उम्मेदवार भएको भन्दै कुनै दलमा आवद्ध नभएको जिकिर गरे। आफूले जनतासामू गरेका वाचा पूरा नगरे कारबाही भोग्न तयार हुने जनाउँदै सो क्रममा उनले करारनामामा तमसुक पनि सार्वजनिक गर्दै आफूले जितिसकेपछि गद्दारी गरे जेल जाने पनि सुनाए।

उनले नेपालमा सत्ता लिप्साको लागि लोकतन्त्रलाई धराशयी पारिएको उनको गुनासो छ। शीर्षस्थ नेताहरूले नै लोकतन्त्र बचाउन भूमिका नलेखेको उनको भनाइ छ। उनले निर्वाचन रूपान्तरणको लागि पनि आफूले आवाज उठाएको सुनाए।

सो क्रममा उनले नेताहरूमा विवेकशिलता, मानवता, न्यायशिलता, धर्मता, वाणी शक्ति, बौद्धि शक्ति, स्मरण शक्ति, कार्यदक्षता, कार्य योग्यता, कार्यकुशलता, भ्रष्टाचारमा शून्य सहनशिलता, सदाचारी, सधैं नागरिकप्रति उत्तरदायी भइरहनुपर्ने सुनाए।

जनताले अब आफ्नो ब्रम्हदृष्टि जगाउनुपर्नेमा उनको जोड थियो। उनले आफूहरू अब कसैको गुलाम बन्न नहुनेतर्फ सबैलाई सचेत गराए। उनले राजनीति सबै नीतिको मियो भनेको भन्दै आधुनिक लोकतन्त्रमा सुधारिएको लोकतन्त्र भएको बताए।

आफू प्रचण्डलाई हराउनको लागि भन्दापनि विधिलाई प्राथमकिता दिनको लागि भएको सुनाए। उनले आफूले पात्रता ठीक हुनुपर्‍यो भनेर पाठ सिकाउनु भएको पनि स्पष्ट पारे। उनले संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता ल्याउनको लागि प्रचण्डको ठूलो योगदान रहेको भन्दै आफूले प्रचण्डलाई सलुट गर्ने पनि सुनाए। तर, विधि र पद्धतीलाई जिताउनको लागि आफूले चितवन ३ बाट उम्मेदवारी दिन लागेको सुनाए। उनले आजबाट आफूलाई नन्दराजमात्रै नाम राखेको सुनाए।

## लागुऔषधसहित पक्राउ

**कैलाली (प्रस)–** धनगढी उपमहानगरपालिका-७ स्थितबाट अवैध लागुऔषध ब्राउनसुगर ३ सय १० मिलिग्राम सहित सोही उपमहानगरपालिका-७ देवरिया बस्ने २४ वर्षीय फुलचन्द्र रानालाई बुधबार प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उनलाई उक्त लागुऔषध सहित फेला पारी पक्राउ गरेको हो।

वाग्लुङ, बडिगाड गाउँपालिका-७ डडीखोला बस्ने १९ वर्षीय गगन रोक्कालाई अवैध लागुऔषध चरेश जस्तो देखिने वस्तु करिब २ सय ७० ग्राम सहित बिहीबार प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय भिमगिठेबाट खटिएको प्रहरीले उनकै घरबाट उक्त वस्तुसहित फेला पारी उनलाई पक्राउ गरेको हो।

## स्रोत नखुलेको रकम बरामद

**झापा (प्रस)–** झापा गाउँपालिका-१ लसुना भन्सारबाट स्रोत नखुलेको १३ लाख ६० हजारसहित सोही ठाउँ बस्ने ५४ वर्षीय तेजबहादुर गणेशलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ।

ईलाका प्रहरी कार्यालय कुमुरखोदबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेका उनलाई जाँच गर्ने क्रममा उक्त नगद सहित फेला पारी प्रहरीले पक्राउ गरेको हो। उनलाई आवश्यक कारबाहीको लागि राजश्व अनुसन्धान कार्यालय ईटहरी पठाइएको छ।

## गोली प्रहारबाट एक जनाको मृत्यु

**कपिलवस्तु (प्रस)–** मायादेवी गाउँपालिका-६ मदराहवा बस्ने ५० घुरहु पासीको गोली प्रहारबाट शुक्रबार मृत्यु भएको छ।

सोही गाउँपालिका-५ महादेवस्थितमा हाल नम्बर नखुलेको मोटरसाइकलमा सवार अपरिचित व्यक्तिले गोली प्रहार गर्दा गम्भीर घाइते भएका उनको कपिलवस्तु जिल्ला अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो।

प्रहरीले गोली प्रहार गर्ने व्यक्तिको खोजी गर्नुको साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

# लय छोड्दै तीज

■ नारायण अधिकारी

**चितवन–** वर्षभरिका नारी वेदनालाई गीतको माध्यमबाट पोख्ने पर्व तीजले अहिले लय छोड्दै गएको छ। घरपरिवारभित्रको दुःख, समाजको अत्याचार, कुरीति र विसंगतिविरुद्ध संगीतबद्ध गरिएका आवाज समाज परिवर्तनका संवाहक बन्दथे तर अहिले ठीक उल्टो भएको छ। समाजलाई सही बाटोमा हिँडाउने गीतहरू भद्दा र मजाकका वस्तुजस्तै बनेका छन्। 'भाइरल' र चर्चित बन्ने नाउँमा गीतलाई अपभ्रम गराइएको छ। लय, ताल र सुरमा तीजको कुनै छनक नै पाइँदैन।

भरतपुर महानगरपालिका-१० सिर्जनाचोक निवासी ८६ वर्षीया विष्णुमाया गौतमलाई उहिलेको तीजबारे सोध्दा गुनगुनाइन्, 'घ्यू भरेर राखे आमा फूल भरेको टिनमा, बाँचे आमा भेटौंला वर्ष दिनमा'

गुनगुनाउँदै कुराकानी सुरु गरेकी उनले पुराना गीतका अरु टुक्का समेत गाउँदै अहिले निस्किएका गीत भने आफूले सम्झनै नसक्ने बताइन्। विष्णुमायाले भनिन्, ' अहिलेका गीतमा मलाई खासै रुचि छैन। यी तीजका गीतजस्ता पनि छैनन्।'

अहिलेका गीतहरू सुन्दा दिक्क मान्ने उनी आफूहरूले पहिला-पहिला गाएका गीतहरू सम्झँदै पहिलाको जस्तो रमाइलो अहिलेका तीजमा हुन छाडेको बताइन्। विष्णुमायाले भनिन्, 'दिनभरि काम र  साँझपखको घरधन्दा सकेर गाउँका दिदिबहीनी जम्मा भइ तीज मनाउन गीत गाउने गरिन्थ्यो।' अहिले तीज भड्किलो बन्दै गएको उल्लेख गर्दै उनले भनिन्, 'घरको आँगनीबाट अहिलेको तीज पार्टीप्यालेस र होटलमा सरेका छन्।'

गाउँका घरघरमा पालैपालो गीत गाउने गरेको सम्झँदै विष्णुमायाँले गाउँका भाका र पुरानो सभ्यता हराउँदै गएकामा चिन्ता पनि व्यक्त गरिन्। उनले आफ्ना पालामा गाइने गीतका टुक्का सुनाइन्। यस्ता गीतहरू अहिले बजारमा सुन्न नपाउँदा तीज मनाउने चलन नै फेरिएको महसुस भएको विष्णुमायाले बताइन्। पहिला तीजमा दर खाने दिन मात्रै माइत जाने गरेको सम्झँदै उनले भनिन्, 'माइतबाट लिन नआए जान पाइँदैनथ्यो। बाटो टाढा हुन्थ्यो। आमाले दाइभाइलाई लिन पठाउनुहुन्थ्यो।'

अहिले तीजभन्दा अगाडि नै दर खाने चलन बढ्दै गएको र तीजमा पहिलाको जस्तो रौनकता पनि नरहेको भरतपुर महानगरपालिका-१०  निवासी ७६ वर्षीया मनकला पन्थीले बताइन्। 'समयअनुसार चाडपर्व मनाउने परिपाटी पनि परिवर्तन भएको हुनसक्छ।' उनले भनिन्, 'पहिले-पहिले गाउँघरमा बसेर तीज मनाउने गरेको भए पनि अहिले त पार्टी प्यालेसमा गए दर खाए आए। गीतहरूमा समेत विकृति भित्रन थालेको छ।'

गीत गाउँदा पहिला दिदीबहिनी भेला भएर सुख दुःखका कुरा र  सासुले दिएका पीडालगायत विषयमा गाउने गरेको भए पनि अहिले कसको श्रीमानले कति कमाउँछ भन्नेमा मात्रै केन्द्रित भएको उनको भनाइ थियो।

भरतपुर महानगरगरपालिका-८ निवासी ६५ वर्षीया विष्णुकुमारी रेग्मीले अहिले तीज मनाउने चलनमा धेरै परिवर्तन आएको बताइन्।  एक महिनाअघिदेखि दर खाने कार्यक्रम नभएको उल्लेख गर्दै उनले भनिन्, ' अहिले समयले सिकाएको होला।' पहिला-पहिला दर खाने दिन माइतमा गएर दर खाने गरेको स्मरण गर्दै विष्णुकुमारीले थपिन्, 'राति आमाले पकाएर दिएको दर र गाउँभरिका दिदी-बहिनी जम्मा भएर गीत गाउने अगाडि अहिलेको पार्टी प्यालेसमा गरिने कार्यक्रमको के रौनक।'

भरतपुर महानगरपालिका-१० रिजाल चोकको ६५ वर्षीया अम्बिका धितालले पहिला-पहिला तीजमा दुःख बाँडेर मनाउने गरिएकामा अहिले रमाइलोका लागि मनाउने परिपाटी बसेको बताइन्। अहिले तीज सबै मिलेर पार्टी प्यालेसमा मनाउने गरेको, भड्किलो पनि बनेको र पुराना चलन हराउँदै गएको उनको भनाइ थियो। दाजुभाइ-दिदीबहिनी जम्मा भएर रमाइलो गर्ने गरेको सम्झँदै उनले भनिन्, ' तीजको मौलिकता हराउँदै गयो। यसलाई बचाउनेतर्फ ध्यान कसैको जान सकेन।'

तीजको दिन पानी पनि नखाई व्रत बस्नुपर्ने भएकाले अघिल्लो साँझ अबेर दरिलो हुने गरी खाने खानालाई दर भन्ने चलन छ। व्रत बस्नु २४ घण्टा अघिदेखि माछा, मासुजस्ता 'जुठो' वस्तु खान नहुने हुनाले घ्यू-भात, दूध, दहीजस्ता आडिला र दरिला खाना खाएर भोलिपल्ट व्रत बस्नु तीजको परम्परा रहेको छ। *रासस*


## शुभप्रवा सेभिङ्ग एण्ड क्रेडिट को–अपरेटिभ लि.

मुख्य कार्यालय चुच्चेपाटी, चावहिल काठमाडौँ

फोन नं. ४५६१३२७, ४५६१७५६

सदस्य सेवा केन्द्र, न्युरोड, काठमाडौँ

### कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०५/१२**

यस संस्थाबाट कर्जा लिनु भएको तपसिलमा उल्लेखित ऋणीहरूले यस संस्थासँग कर्जा लिंदा कर्जा तमसुक लगायतका लिखतहरूमा उल्लेखित शर्त बन्देजहरू बमोजिम साँवा/व्याज रकम समय समयमा भुक्तानी गर्नुपर्नेमा नतिरी, नबुझाई तोकिएको भाखा अवधिभित्रको शर्त तथा कबुलियत नामामा उल्लेखित नियमहरू उल्लंघन गर्नु भएकोले बक्यौता (साँवा/व्याज र हर्जना) रकम भुक्तानी गर्नका लागि यस संस्थाबाट पटक-पटक मौखिक तर/ताकेता गर्नुका साथै पटक-पटक पत्रद्वारा जानकारी गराउँदा समेत बेवास्ता गरी कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेकोले कर्जा चुक्ता गर्न आउने बारे ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त समयभित्र आफ्नो सम्पूर्ण साँवा/व्याज र हर्जना रकम बुझाई ऋण चुक्ता गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ। माथि उल्लेखित समयवधिभित्र ऋणीले कर्जा नतिरेमा ऋणी तथा जमानीकर्ता आफैँले उक्त कर्जा लिँदा गरेको व्यक्तिगत धनजमानी, लिखतका कबुल शर्तअनुसार आफ्नो जिम्मेवारी, दायित्वमा पर्न जाने हुँदा कर्जासँग सम्बद्ध सबै पक्षहरूलाई यसै सूचना मार्फत जानकारी गराइन्छ। तोकिएको अवधिभित्र पनि साँवा/व्याज र हर्जना रकम चुक्ता नगरेमा सहकारी ऐन २०७४ तथा नेपालको प्रचलित अन्य बिद्यमान कानुनमा व्यवस्था भएअनुसार ऋणीले कर्जा लिँदा कर्जा सुरक्षण बापत लेखी दिएको धितो लिलाम बिक्री गरी कर्जा असुलउपर गरिनुका साथै कालो सूचीमा समावेश गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**तपसिल**

| ऋणीको विवरण | साक्षी/जमानीको विवरण |
| --- | --- |
| **नाम थर** : महेश कुमार श्रेष्ठ<br>**बाबुको नाम** : मिन बहादुर श्रेष्ठ<br>**बाजेको नाम** : रत्न बहादुर श्रेष्ठ<br>**स्थायी ठेगाना** : ओखलढुंगा जिल्ला<br>साविक रुम्जाटार गा.वि.स.वडा नं.६<br>**हालको ठेगाना** : का.जि.का.म.न.पा.वडा नं.७  | **नाम थर** : रविन्द्र कुमार श्रेष्ठ<br>**पतिको नाम** : ईन्द्र कुमार श्रेष्ठ<br>**स्थायी ठेगाना** : सोलुखुम्बू जिल्ला<br>साविक सल्लेरी गा.वि.स.वडा नं.५<br>**हालको ठेगाना** : का.जि.का.म.न.पा.वडा नं.७ |

# प्रभाव दैनिक

आइतबार १२, भदौ २०७९ (Sunday, Aug 28, 2022)



रूपशाला

## 'छड्के-२' को फस्टलुक

अभिनेता अनमोल केसीले सामाजिक सञ्जाल फेसबुकमार्फत आफ्नो अभिनय रहेको फिल्म 'छड्के २' को फस्टलुक सार्वजनिक गरेका छन् । फस्टलुकमा अनमोलले हातमा रगतसहितको हतियार बोकेका छन् । उनी आक्रामक लुक्समा छन् । लामो कपालमा रहेका अनमोलको शरीरका विभिन्न स्थानमा ट्याटु पनि देख्न सकिन्छ । निगम श्रेष्ठको लेखन तथा निर्देशनमा बन्ने फिल्म अनमोलसँगै रविन तामाङ र कमलमणि नेपालको पनि अभिनय छ । काभ्रे फिल्म्सको ब्यानरमा निर्माण भइरहेको फिल्मसँग मेधा फिल्म्स र निर्वाण फिल्म स्कुलले सहकार्य गरेका छन् ।





# बहरका गजलको एल्बम शुभेच्छा सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** गजलकार घनेन्द्र ओझाका रचनाहरू र सङ्गीतकार सन्तोष श्रेष्ठको सङ्गीत रहेको गजल एल्बम 'शुभेच्छा' सार्वजनिक गरिएको छ ।

शनिबार १५७औं मोतीजयन्तीको अवसरमा अनाममण्डलीले आयोजना गरेको कार्यक्रममा उक्त एल्बमको लोकार्पण गरिएको हो ।

नेपाली गजल सङ्गीतमा आउने क्रम क्रमश: बढिरहेको बताउँदै गजलकार करुण थापाले लामो समयदेखि गजललेखन, अभियान र समालोचनामा सक्रिय घनेन्द्रले बहरका मात्र गजलहरूको एल्बम तयार पारेर नेपाली गजलका क्षेत्रमा उल्लेख्य कार्य गरेको बताए । थापाले ओझाले नेपाली गजलमा बहरबद्ध एकल सङ्ग्रह लेखन, संयुक्त सङ्ग्रहको सम्पादन तथा अन्य धेरै कार्यहरू गरिसकेका र सम्भवत: यही एल्ब निकाल्न मात्र बाँकी रहेकाले त्यो कार्य पनि पूरा गरेको हुन सक्ने धारणा राखे । लामो समयदेखि सङ्गीत क्षेत्रमा सक्रिय सन्तोष श्रेष्ठको सङ्गीत भर्ने कला प्रशंसनीय रहेको थापाको भनाइ थियो ।

नेपाल प्रज्ञाप्रतिष्ठानका काव्य विभाग प्रमुख प्रा.डा. हेमनाथ पौडेलले सिर्जनशील कर्ममा रमाइरहने स्वभावका घनेन्द्र बहुआयामिक व्यक्तित्व भएका र गजलका क्षेत्रमै समर्पित भएकाले एल्बम प्रकाशन सराहनीय कदम रहेको बताए ।

पूर्व मुख्य सचिव एवं साहित्यकार डा. भोजराज घिमिरेले थजल आफैंमा बहरमै लेखिने भएकाले शास्त्रीय र गैरशास्त्रीय बहरका वा गैरबहरका भनिरहनु नपर्ने धारणा राखे । डा. घिमिरेले अब नेपाली गजलमा सङ्गीतको लहर आउन सक्ने आँकलन पनि गरे ।

प्रमुख अतिथि प्रा.डा. कृष्णहरि बरालले नेपाली गजल गायनको शैली, नेपाली गजल सङ्गीतको शैली नेपालीकरण भइरहेको र सोहीअनुसार पछिल्लो समय नेपाल गजलमा सङ्गीत भरिँदै आएको बताए । यस एल्बमका रचनामा शास्त्रीय शैलीको सङ्गीत र गायनको माग भएको भए पनि सङ्गीतकार श्रेष्ठले नेपाली शैलीकै अर्धशास्त्रीय शैलीमा सुन्दर सङ्गीत भरेका डा. बरालको भनाइ थियो ।

गजलकार राधा कणेलले घनेन्द्र नेपाली गजल परिष्कारका लागि लामो समयदेखि लागिरहेका र त्यसकै पछिल्लो कार्य शुभेच्छा एल्बम रहेको बताइन् ।


नेपाली गजल सङ्गीतका क्षेत्रमा बहरमा मात्र लेखिएका गजलहरूको एल्बम हालसम्म नपाइएको र बहरबद्ध गजलहरूलाई एल्बमकै रूपमा ल्याउनु राम्रो हुने ठानेर एल्बम तयार पारेको सङ्गीतकार श्रेष्ठले बताए । गजलकार रूपक अलङ्कारले सङ्गीतमा आएपछिको गजलको स्वाद नै भिन्न हुनेरहेछ भन्दै घनेन्द्रका गजलले बल्ल प्राण पाएको बताए ।

एल्बममा नेपाली गायनका ४ पुस्ता समेट्ने प्रयास सफल भएको घनेन्द्र ओझाले बताए । उनले भने, 'हामीले बहरबद्ध गजलहरूको एल्बमको अभाव त देख्यौं नै, त्यससँगै एउटै एल्बममा, त्यो पनि गजलमा नेपाली गायनका ४ पुस्ता जोड्ने सोच बनाएर यो काम गरेका हौं ।'

एल्बममा पहिलो पुस्ताबाट ज्ञानु राणा, दोस्रो पुस्ताबाट आनन्द कार्की, तेस्रो पुस्ताबाट शिव परियार, निशा देशार र सन्तोष श्रेष्ठ तथा चौथो पुस्ताबाट अस्मिता अधिकारीको स्वर समेटिएको छ । एल्बम कामना डिजिटल प्रालिले ल्याएको हो ।

# लम्सालको 'अग्नि'लाई मदन पुरस्कार

■ प्रभाव संवाददाता






**काठमाडौं–** यस वर्षको जगदम्बा श्री पुरस्कार बनारसबाट प्रकाशित हुने 'उदय'का सम्पादक दुर्गाप्रसाद श्रेष्ठलाई प्रदान गरिएको छ । यस्तै मदन पुरस्कार नवराज लम्सालको महाकाव्य 'अग्नि'लाई प्रदान गरिने मदन पुरस्कार गुठीले जनाएको छ । ८२ वर्षीय श्रेष्ठ कथा, कविता, निबन्ध, उपन्यास र समालोचनामा कलम चलाउँदै आएका छन् । मदन पुरस्कार गुठीको शनिबार बसेको बैठकले श्रेष्ठलाई जगदम्बा श्री र लम्सालको कृतिको प्रदान गर्ने निर्णय गरेको हो ।

यसअघि गुठीले २०७८ सालको मदन पुरस्कारका लागि प्राप्त २९९ पुस्तकमध्ये पुरस्कारको प्रतिस्पर्धामा रहेका श्रेष्ठ आठ पुस्तकको सूची सार्वजनिक गरेको थियो । जसमा लम्सालको अग्नि, दामोदर पुडासैनी 'किशोर' को ग्रीष्मको नीलो बतास, वसन्त बस्नेतको महाभारा, दीपा मेवाहाङ राईको यादको सन्दुक, नारायण पौडेलको लिच्छवि लिपि, नीलमणि ढुङ्गनाको व्युत्पत्तिमूलक संस्कृत-नेपाली शब्दकोश, सुजित मैनालीको सती: इतिहास र मीमांसा तथा पद्मसुन्दर जोशीको हिति प्रणाली रहेका थिए ।

# ब्रिटनीको इन्स्टाग्राम 'डिएक्टिभ'



**लसएन्जल्स–** हलिउड गायिका ब्रिटनी स्पीयर्सले आफ्नो इन्स्टाग्राम एकाउण्टलाई डीएक्टिभ गरेकी छन् । उनले डिएक्टिभ गरेको यो पहिलोपटक भने होइन । यसअघि उनले तीनपटक डिएक्टिभ गरिसकेकी छन् । उनले यसपटक डिएक्टिभ गर्नुपर्ने कारण पनि बताएकी छन् ।

उनले इन्स्टाग्राम डिएक्टिभ गरेपछि निरन्तर ट्वीट गरिरहेकी छन् । 'म दिनहुँ सिकिरहेकी छु । म राम्रो व्यक्ति बन्ने कोशिस गरिरहेको छु । म त्यही गरिरहेकी छु, जसले मलाई खुशी दिएको छ । मैले आज खुशीलाई छानेकी छु । म हरेक दिन आफूलाई भन्छु कि आहत हुने तनावलाई छोडिदिनु । आफूलाई र अर्को जो दु:खी हुन्छन्, उनीहरूलाई माफी दिन कोशिस गर्नु', उनले ट्वीटेकी छन् ।

'जब म सानी थिएँ, निडर हुन चाहन्थे । म यती डराएर बस्न चाहदिन थिएँ । म प्रार्थना गर्छु कि सत्यमा पवित्र आत्मामा सत्यता छ र मलाई आशा छ कि पवित्र आत्मा मेरो सन्तानसँग पनि छ । हो मैले आज सुख र खुशी छानेकी छु', उनले लेखेकी छन् ।

ब्रिटनीले सेम असगरीसँग गत जूनमा विवाह गरेकी थिइन् । उनीहरूले सन् २०२१ मा इन्गेजमेन्ट गरेका थिए । यो जोडी पाँच वर्षयता प्रेम सम्बन्धमा थिए । सन् २०१६ मा ब्रिटनीको म्यूजिक भिडियोको सेटमा उनीहरूको भेट भएको थियो । *एजेन्सी*

## रंगशाला

# 'खेलाडीको सम्मानको लागि ऐनमै व्यवस्था गरिएको छ'



■ प्रभाव संवाददाता

**कोहलपुर –** युवा तथा खेलकुद मन्त्री महेश्वर गहतराजले ऐनमै खेलाडीको सम्मान तथा पुरस्कार राशी सुनिश्चित गरिएको बताएका छन् ।

युवा तथा खेलकुद मन्त्रालयले खेलाडी पुरस्कार तथा सम्मान कार्यविधि संशोधन गरेसँगै खेलकुद नियमावलीमै गाभेर पुरस्कार कार्यविधि लागु गर्न लागेको मन्त्री गहतराजले जानकारी दिए ।

राष्ट्रिय तेक्वान्दो संघले शुक्रबारदेखी बाँकेको कोहलपुरमा संचालन गरेको दुई दिने प्रशिक्षक अभिमुखिकरण कार्यक्रमको उद्घाटन गर्दै मन्त्री गहतराजले पुरस्कार कार्यविधि मार्फत सरकारले खेलाडीहरूको पुरस्कार तथा सम्मान रकम सुनिश्चित गरेको बताए । राष्ट्रको लागि आफ्नो जीवनको उर्जावान समय खर्च गर्ने खेलाडीहरूलाई राज्यले उचित सम्मान दिन नसकेको महशुस गरेर नै पुरस्कार कार्यविधि लागु गर्न लागिएको बताउँदै मन्त्री गहतराजले खेलाडीहरूलाई थप हौसला तथा प्रोत्साहनको खाँचो रहेको उल्लेख गरे ।

'हामीले ऐन मार्फत खेलाडीहरूको पुरस्कार राशी सुनिश्चित गरेका छौं,' मन्त्री गहतराजले भने, 'अब ओलम्पिकमा स्वर्ण पदक जित्ने खेलाडीले पुरस्कार स्वरूप १ करोड ३० लाख रकम प्राप्त गर्नेछन् । यसले खेलाडीको बृत्ति बिकासका साथै राष्ट्रको पहिचान स्थापित गर्नमा समेत ठुलो मद्धत मिल्नेछ ।'

उनले एसियाली खेलकुद, साग र राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुदका बिभिन्न प्रतिस्पर्धामा पदक बिजेता तथा किर्तिमान बनाउन सफल खेलाडीहरूलाई विधागत रूपमा पुरस्कारको ब्यवस्था गरीएको बताए । नेपाली खेलाडीहरू हरेक किसिमका खेल खेल्न सक्षम भएपनि उनिहरूलाई हौसलाको कमी रहेको उल्लेख गर्दै मन्त्री गहतराजले भने, 'नेपाली खेलाडीहरू आफैमा साहसी र सक्षम छन् उनीहरूको हौसला बढाउन जरुरी छ ।'

मन्त्री अथकले पोखरामा हुन गईरहेको नवौं राष्ट्रिय खेलकुदमा केन्द्रित हुन खेलाडीहरूलाई आग्रह समेत गरे ।

नवौं राष्ट्रिय खेलकुदलाई लक्षित गरि तेक्वान्दो प्रशिक्षकहरूलाई अन्तर्राष्ट्रिय नियममा भएका परिवर्तनका बारेमा जानकारी दिने उद्धेश्यले प्रशिक्षक अभिमुखिकरण कार्यक्रम संचालन गरीएको कार्यक्रमका सभापती तथा राष्ट्रिय तेक्वान्दो संघका केन्द्रिय सदस्य बुद्धी थापाले जानकारी दिए । कार्यक्रममा तेक्वान्दोका राष्ट्रिय देखि प्रदेश स्तरीय रेफ्री तथा प्रशिक्षकहरूको सहभागीता रहेको थियो ।

# साफ खेल्ने महिला टोली घोषणा

**काठमाडौं (प्रस)–** रेखा पौडेललाई पुनरागमन गराउदै भदौ चौथो हप्तादेखि सुरु हुने साफ महिला च्याम्पियनसिपका लागि नेपाली राष्ट्रिय महिला टिमको घोषणा भएको छ ।

टिमका मुख्य प्रशिक्षक कुमार थापाले घरेलु मैदानमा हुने प्रतियोगिताको लागि २३ सदस्यीय टिमको घोषणा गरेका हुन् । जसमा रेखाले पुनरामगन गर्दा तीन खेलाडी पहिलो पटक टोलीमा स्थान बनाएका छन् । समिक्षा घिमिरे, देपा शाही र अमिसा कार्की पहिलो पटक राष्ट्रिय टोलीमा स्थान बनाउन सफल भएका छन् ।

प्रतियोगिताका लागि समूह 'बी' मा रहेको नेपालसँगै भुटान र श्रीलंका छन् । यस्तै, साविक विजेता भारतसँगै बंगलादेश र पाकिस्तान समूह 'ए' मा छन् ।

भदौ २१ गतेदेखि हुने प्रतियोगिताको पहिलो दिन नेपालले भुटानसँग खेल्नेछ । यस्तै, २७ गते नेपालले श्रीलंकाविरुद्ध खेल्नेछ ।



**गोलकिपर**: एन्जिला तुम्बाप्पे सुब्बा, अन्जना रानामगर, उषा नाथ
**रक्षक**: हिराकुमारी भुजेत, अमृता जैसी, गीता राना, पुनम जर्घामगर, निशा थोकर, समिक्षा घिमिरे, विमला विक
**मिडफिल्डर**: विमला चौधरी, मन्जलीकुमारी योन्जन, प्रीती राई, सरु लिम्बू, दीपा राई, दीपा शाही, इन्दिरा राई, अनिता बस्नेत, अनिता केसी
**फरवार्ड**: अमिषा कार्की, रेखा पौडेल, सावित्रा भन्डारी, रश्मीकुमारी घिसिङ

# पूर्वाधार अभावबीच खेलाडीलाई प्रशिक्षण गराइँदै

■ प्रभाव संवाददाता

**बनेपा–** आगामी असोजमा कास्कीको पोखरामा हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि काभ्रेपलाञ्चोकका खेलाडी अभयासमा जुटेका छन् । भर्खरै जिल्ला स्तरीय छनोट सम्पन्न भएको छ । विभिन्न खेलका खेलाडी प्रदेश स्तरीय प्रतियोगिताका लागि छनोट भएका छन् । बागमती प्रदेशमा उत्कृष्ट हुने खेलाडीले नवौं राष्ट्रिय प्रतियोगिता खेल्न पाउने छन् ।

जिल्लाबाट विभिन्न विधामा प्रदेशमा छनोट हुँदाको सकस खेलाडी र प्रशिक्षकलाई खपिनसक्नुको छ । खेल सामग्री र पूर्वाधार अभावमा खेलाडी र प्रशिक्षकले धेरै हन्डर खाए । खुलाचौरमा घाम पानी नभनीकन उनीहरूले अभ्यास गरे । 'विभिन्न समस्याबीच प्रदेशका लागि खेलाडी छनोट गऱ्यौं', काभ्रेपलाञ्चोक तेक्वान्दो एकेडेमीका अध्यक्ष एवं तेक्वान्दो प्रशिक्षक राजमन्दिर श्रेष्ठले भने । उनले पाँच वर्षदेखि खेलाडी उत्पादन गर्दै आएका छन् । सुरुआतमा बनेपा नगरपालिका-५ भिमसनेस्थानस्थित एभरेष्ट एकेडेमी परिसरबाट प्रशिक्षण थालेका श्रेष्ठले अहिले पनि निरन्तरता दिँदै आएका छन् । 'करिब एक सय प्रशिक्षार्थीलाई खेल प्रशिक्षणसँगै हाइकिङ गराएर आकर्षित गराउँदै आएको छु', उनले भने । खेल मैदान अभावले प्रशिक्षार्थीलाई चाहेअनुसारले खेलाउन नपाएको बताउँछन् । 'सबैभन्दा ठूलो समस्या खेल मैदानको छ', उनले भने, ' बनेपा नगरभरिमा नै व्यवस्थित खेलमैदान छैन, त्यस्तो समस्याको बावजुद पनि अभ्यास गरायौं ।' विद्यालयको प्राङ्गण मागेर तथा पार्टी प्यालेस प्रयोग गरेर अभ्यास गराएको श्रेष्ठ बताउँछन् ।

नगरपालिका र वडासँग खेलमैदानका लागि सहयोग माग्दै आएको उनले बताए । कुनै व्यक्तिले दान गरेका खण्डमा खेल मैदानका लागि सहयोग गर्न सकिने प्रतिक्रिया दिएको श्रेष्ठले बताए । 'अहिले आफ्नै जग्गामा टहरा बनाएर खेलाडीलाई प्रशिक्षण दिँदैछु', उनले भने । जिल्लाका विभिन्न स्थानमा शाखा सञ्चालन गरेर श्रेष्ठले करिब पाँच सय तेक्वान्दो खेलाडी उत्पादन गरेका छन् ।

यस्तै काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिकाको भकुण्डेवेशीमा करिब सात वर्षदेखि नेपाल क्योकुशिन कराते डो संघ बज्र शाखा सञ्चालन गरेर प्रशिक्षण दिँदै आउनुभएका दिल दोर्जे लामा पनि बिना पूर्वाधार र सामग्रीका भरमा खेलाडी उत्पादन गर्दै आएका छन् । 'व्यक्तिको खाली जग्गालाई सम्याएर खेलमैदानका रूपमा प्रयोग गर्दै आएका छौँ', उनले भने । बागमती प्रदेश सरकारको पहलमा भकुण्डेबेशी बजारदेखि दुई किलोमिटर टाढा अभ्यास गराउन एउटा हल निर्माण गर्दै छ । 'हल निर्माण भएपछि प्रशिक्षण दिन सहज हुनेछ', लामाले भने ।

खासमा सबै खेलको प्रशिक्षण गराउन राज्यले सहयोग गर्नुपर्ने उनी बताउँछन् । 'खेललाई राज्यले प्राथमिकता दिएको देखिँदैन', उनले भने, 'जिल्ला, प्रदेश र राष्ट्रियस्तरका प्रतियोगिताका लागि खेलाडी उत्पादन र प्रतियोगितामा सहभागी गराउन आफैले लगानी गर्नु परिरहेको छ ।' खेलाडीले खल्तिबाट खर्च गरेर प्रतियोगितामा सहभागी हुनुपर्ने अवस्थाको अन्त्य हुन जरुरीरहेको लामा बताउँछन् ।

स्थानीय तहसँग व्यवस्थित खेलमैदानका लागि माग गर्दै आएको उनको भनाइ छ । जिल्लाका विभिन्न स्थानमा प्रशिक्षकले खुल्ला चउरमा नै प्रशिक्षण दिँदै आएका छन् । जिल्ला खेलकुद विकास समितिका पूर्वअध्यक्ष रघुवर चौप्रधानले भौतिक पूर्वाधारको व्यवस्था नहुँदा खेलाडी उत्पादनमा समस्या हुने गरेको बताए ।

# ऊर्जा संकट : विश्वव्यापीरूपमा आणविक पुनरागमनको खतरा

■ क्याथेरिन आवर्स



**पेरिस-** विश्वव्यापीरूपमा ऊर्जा आयातको लागत बढ्दै जाँदा र जलवायु परिवर्तनको समस्याले विश्व समुदायको टाउको दुखाई भइरहेको बेला आणविक ऊर्जामा चासो बढ्दै गएको छ ।

सन् २०११ मा जापानको फुकुशिमा दुर्घटनापछि आणविक ऊर्जामा लगानी घटेको थियो, जुन सन् १९८६ मा चेर्नोबिलपछिको विश्वको सबैभन्दा खराब आणविक दुर्घटना थियो । फेब्रुअरीमा रूसले युक्रेनमाथि गरेको आक्रमण, त्यसपछि ऊर्जा आपूर्तिमा आएको संकुचन र युरोपले रूसी तेल र ग्यासबाट आफूलाई अलग्याउने प्रयास गरेपछि अबको वैकल्पिक सोच आणविक शक्तिको पक्षमा फर्किरहेको छ ।

बढ्दो ग्यास र बिजुलीको बिल र दुर्लभ स्रोतले यस जाडोमा व्यापक पीडा निम्त्याउने खतराका साथ धेरै मुलुकका सरकारले कठिन निर्णयहरूको सामना गरिरहेका छन् । केही विज्ञ आणविक शक्तिलाई विकल्प मान्न नहुने तर्क गर्छन्, तर केहीले यति धेरै संकटको सामना गर्दा, यो विश्वको ऊर्जा मिश्रणको भाग रहनुपर्ने बताएका छन् ।

आणविक ऊर्जामा पुनःविचार गर्ने देशमध्ये एक जापान हो, जहाँ सन् २०११ को दुर्घटनाका कारण सुरक्षाको डरले धेरै आणविक रिएक्टर निलम्बन गरिएको थियो । यसै साता जापानका प्रधानमन्त्री फुमियो किशिदाले जापानको आणविक ऊर्जा उद्योगलाई पुनर्जीवित गर्न र नयाँ आणविक संयन्त्र निर्माण गर्न आह्वान गरेका छन् ।

आणविक शक्तिबाट टाढा जान चाहने अन्य देशले ती योजनालाई कमसेकम छोटो अवधिका लागि अस्वीकार गरेका छन् । रूसले युक्रेनमाथि आक्रमण गरेको एक महिना नबित्दै बेल्जियमले सन् २०२५ मा आणविक ऊर्जा बन्द गर्ने आफ्नो योजनामा एक दशक ढिला हुने बताएको छ ।

हाल ३२ देशमा प्रयोग भइरहेको आणविक ऊर्जाले विश्वको विद्युत् उत्पादनको १० प्रतिशत आपूर्ति गर्छ भने अन्तर्राष्ट्रिय आणविक ऊर्जा निकाय (आइएइए)ले सन् २०११ मा जापानमा आएको विनासकारी भूकम्पपछि पहिलोपटक सेप्टेम्बरमा आफ्नो प्रक्षेपण गरेको थियो ।

आइएइएले सन् २०५० सम्ममा सबैभन्दा अनुकूल परिदृश्यमा स्थापित क्षमता दोब्बर हुने अपेक्षा गरेको छ ।

**जलवायु संरक्षणको मत**

युरोपको सबैभन्दा ठूलो अर्थतन्त्र जर्मनीमा पनि सन् २०२२ को अन्त्यसम्ममा मुलुकका पछिल्ला तीन वटा आणविक ऊर्जा केन्द्र बन्द गर्ने विषयमा ऊर्जा संकटले बहसलाई पुनर्जीवित गरिरहेको छ । बर्लिनले गत महिना राष्ट्रिय विद्युतीय ग्रिडको 'स्ट्रेस टेस्ट'को नतिजा पर्खने बताएको थियो ।

ग्रीन पिस जर्मनीका जलवायु तथा ऊर्जा विज्ञ गेराल्ड न्युबाउरले आणविक शक्तितर्फ उन्मुख हुनु ऊर्जा संकटको समाधान नभएको बताएका छन् । रुसी ग्यासलाई प्रतिस्थापन गर्न आणविक ऊर्जाको 'सीमित' प्रभावकारिता हुने बताउँदै उनले जर्मनीमा विद्युत् उत्पादनका लागि नभई 'तातो पानीका लागि' प्रयोग हुने बताए ।

उनले भने, 'आणविक रिएक्टरले बिजुलीका लागि प्रयोग हुने ग्यासमात्र बचत गर्नेछ, यसले ग्यास खपतको एक प्रतिशतभन्दा कम बचत गर्नेछ ।'

दिगो विकास र अन्तर्राष्ट्रिय सम्बन्ध (आइडिडिआरआई)का प्रबुद्ध समूहका ऊर्जा तथा जलवायुविज्ञ निकोलस बर्गम्यान्सका अनुसार आणविक शक्तिको प्रयोग बढाउन सकेमा वर्तमान् ऊर्जा संकटलाई कम गर्न 'सहयोग मिल्ने' देखिन्छ ।

उनले भने, 'धेरै मिल्दाजुल्दा संकटको साथ युरोप धेरै फरक ऊर्जा स्थितिमा छ । रूसी ग्यास आपूर्तिको समस्या, बाँधको क्षमता घटाउने, खडेरी, फ्रान्सेली आणविक प्लान्टको कमजोर उत्पादनलगायतका कारण आणविक उर्जाको प्रसंग महत्त्वपूर्ण छ ।'

आणविक समर्थक समूहले जलवायु परिवर्तनबाट बच्नका लागि यो विश्वकै सबैभन्दा राम्रो विकल्पमध्ये एक भएको बताएको छ, किनभने यसले प्रत्यक्षरूपमा कार्बनडाइअक्साइड उत्सर्जन गर्दैन ।

वास्तवमा, संयुक्त राष्ट्रसंघका जलवायुविज्ञ आइपिसिसीले विश्वव्यापी जलवायु संकटलाई कम गर्न अघि सारेका अधिकांश परिदृश्यमा आणविक ऊर्जाले विश्व शक्ति मिश्रणको ठूलो हिस्सा ओगटेको बताउँछन् ।

**विभाजित मत**

विद्युत्को आवश्यकताको रूपमा चीनसहित चेक गणराज्य, भारत र पोल्याण्डले परमाणु पूर्वाधारको विकास गर्न इच्छा व्यक्त गरेका छन् । यो समूहसँग पहिलेदेखि नै रिएक्टरको सबैभन्दा अधिक संख्या छ । उनीहरूले परमाणु शक्तिले कोइलाको विकल्प प्रदान गर्ने राय दिन्छन् ।

त्यस्तै, बेलायत, फ्रान्स र नेदरल्यान्ड्सको पनि समान महत्त्वाकांक्षा छ, र संयुक्त राज्य अमेरिकाका राष्ट्रपति जो बाइडनले आफ्नो लगानी योजनाले अमेरिकाको विकासलाई प्रोत्साहित गर्ने बताउँछन् ।

आइपिसिसीका विशेषज्ञले आणविक ऊर्जाको तैनाथ 'सामाजिक प्राथमिकताद्वारा सीमित हुन सक्ने' स्वीकार्छन् । उनीहरूका अनुसार यो विषय अझै पनि विनासकारी दुर्घटनाको जोखिम र रेडियोएक्टिभ फोहोरलाई कसरी सुरक्षितरूपमा व्यवस्थापन गर्ने भन्ने अझै पनि नसुल्झिएको मुद्दाको कारण राय विभाजन गर्दछ ।

न्युजिल्याण्ड जस्ता केही देशले आणविक शक्तिको विरोध गर्छन् र यसलाई 'हरित' ऊर्जाको रूपमा सूचीबद्ध गर्ने कि नगर्ने भन्ने विषयमा युरोपेली संघमा पनि चर्को बहस भएको छ । गत महिना युरोपेली संसद्ले ग्यास र आणविक ऊर्जामा लगानीका लागि दिगो वित्तीय अवस्था दिने विवादास्पद प्रस्ताव पारित गरेको थियो ।

अन्य मुद्दा आणविक पूर्वाधारमा बाँकी छन् जसमा लागत र कडा नियन्त्रणको साथ नयाँ रिएक्टर निर्माण गर्ने क्षमता समावेश छ । बर्घम्यान्सले 'लामो निर्माण ढिलाइ'प्रति चासो व्यक्त गरेका छन् ।

'हामी मध्यम अवधिको समाधानको बारेमा कुरा गरिरहेका छौं, जसले बजारमा तनाव समाधान गर्दैन । तिनीहरू जलवायु संकटलाई सम्बोधन गर्न धेरै ढिला हुने छन् तर 'गतिशील' नवीकरणीय ऊर्जा क्षेत्रमा ध्यान केन्द्रित गर्नु आजको उत्तम उपाय हुनेछ र समस्या समाधानका लागि तत्काल सहायक हुनसक्छ,' उनले भने । *रासस/एएफपी*

# आधा वर्षसम्म 'खतरनाक' गर्मीको चेतावनी

**पेरिस-** मानव जातिले जलवायु परिवर्तनको लक्ष्य हासिल गर्न सफल भए पनि सन् २१०० सम्ममा उष्णकटिबन्धीय क्षेत्रका लाखौं मानिस आधा वर्षसम्म खतरनाक गर्मीको चपेटामा पर्नसक्ने अनुसन्धानकर्ताहरूले बिहीबार चेतावनी दिएका छन् ।

सम्भवतः विश्वले ती लक्ष्यहरू गुमाउनेछ र यस शताब्दीको अन्त्यसम्ममा उष्णकटिबनधीय क्षेत्रका मानिसहरूलाई प्रत्येक सामान्य वर्षको अधिकांश दिन हानिकारक तापक्रमको अधिनमा राखिनेछ, अध्ययन रिपोर्टमा भनिएको छ । यदि उत्सर्जन नियन्त्रण गरिएन भने, यी क्षेत्रहरूमा ठूलो संख्यामा मानिसहरूले अत्यधिक गर्मीको सम्भावित 'भयानक' अवधिको सामना गर्न सक्छन् । हार्वर्ड युनिभर्सिटीका प्रमुख लेखक लुकास भार्गास जेपेटेलोले भने, 'यदि हामीले एकसाथ काम गर्न सकेनौं भने अर्बौं मानिस वास्तवमै यी अत्यन्तै खतरनाक तापक्रमको चपेटामा पर्नेछन्, जुन हामीले आधारभूत रूपमा देखेका छैनौं ।' जलवायु परिवर्तनका कारण अत्यधिक गर्मी हुने गरेको र यसले मानव स्वास्थ्य, वन्यजन्तु र बालीनालीको उत्पादनलाई खतरामा पारिरहेको छ । अधिकांश जलवायु अनुमानहरूले विभिन्न नीति परिदृश्यहरूअन्तर्गत तापमान वृद्धिको भविष्यवाणी गर्दछ, तर ती मार्गहरूमध्ये कुन बढी सम्भावना छ भनेर बताउँदैन । 'कम्युनिकेसन अर्थ एण्ड इन्भाइरोमेन्ट जर्नल'मा प्रकाशित यस अध्ययनमा अनुसन्धानकर्ताहरूले खतरनाक गर्मी र आर्द्रताको सम्भावित जोखिमको अनुमान गरेका छन् । उनीहरूले मानव गतिविधिबाट कार्बनडाइअक्साइड उत्सर्जनको स्तर र विश्वव्यापी तापक्रम वृद्धिको परिणामीस्तरको भविष्यवाणी गर्न सांख्यिकीय अनुमानहरू प्रयोग गरका छन् ।

अध्ययनअनुसार उष्णकटिबन्धीय क्षेत्रका धेरै मानिसहरूले शताब्दीको अन्त्यसम्म आधा वर्षका लागि खतरनाक गर्मीको स्तरको सामना गर्न सक्दछन्, यद्यपि विश्वले पेरिस जलवायु सम्झौताको लक्ष्यमा तापमान वृद्धिलाई दुई डिग्री सेल्सियसभन्दा कमको पूर्वऔद्योगिक स्तरभन्दा माथि बढाउँदछ ।

उष्ण कटिबन्धीय क्षेत्रबाहिर घातक गर्मीको प्रकोप वार्षिक रूपमा हुने उनीहरूले बताएका छन् । अनुसन्धानकर्ताहरूले ३९.४ डिग्री सेल्सियस तापक्रमलाई 'खतरा' भनेका छन् भने ५१ डिग्री सेल्सियसभन्दा माथिको तापक्रमलाई 'अत्यन्तै खतरनाक' र मानिसका लागि पूर्णरूपमा असुरक्षित मानिएको बताएका छन् । जेपेटेलोले भने, 'यो चरम गर्मीलाई मूलरूपमा पानीजहाजको बोइलर कोठाजस्तै तातोमा कोठाभित्र काम गर्ने मानिसहरूका लागि विकसित गरिएको थियो । यो बाहिरी कामका लागि विरलै अवलोकन गरिएको थियो ।' अनुसन्धानकर्ताले जबसम्म उत्सर्जनमा गम्भीर कटौती हुँदैन, उपसहारा अफ्रिका र भारत विशेष गरी जोखिममा रहेको जनाएका छन् शताब्दीको अन्त्यसम्ममा यो अवस्था आउने ठोकुवा गर्दै उष्णकटिबन्धीय क्षेत्रका केही भागहरूमा मानिसहरूले प्रत्येक वर्ष गर्मीको यो स्तरको अनुभव गर्ने बताएका छन् । 'यो निकै डरलाग्दो कुरा हो,' उनले एएफपीसँग भने, 'यस्तो अवस्थामा बाहिर हिँड्नु पनि खतरनाक हुन्छ ।' *रासस/एएफपी*

# श्रीलंकाका बालबालिकालाई अमेरिकाको खाद्यान्न सहयोग

**अमेरिका (संयुक्त राष्ट्रसंघ)-** संयुक्त राज्य अमेरिकाले अमेरिकी कृषि मन्त्रालय (युएसडिए)मार्फत र सेभ द चिल्ड्रेनसँगको साझेदारीमा श्रीलंकाका विद्यालयका बालबालिकाको पोषणका लागि तीन हजार मेट्रिकटन खाद्यान्न सहयोग गरेको छ ।

'अमेरिकी जनताबाट प्राप्त यो दानले सबैभन्दा आर्थिकरूपमा कमजोर श्रीलंकाका बालबालिकालाई लक्षित गर्दछ र उनीहरूलाई खाद्यान्न अभावको चिन्ताबाट मुक्त गरी विद्यालयको पढाइमा ध्यान केन्द्रित गर्न सक्षम बनाउनेछ,' श्रीलंकास्थित अमेरिकी दूतावासले शुक्रबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'सबै श्रीलंकालीलाई देशको स्वतन्त्रतापछिको सबैभन्दा खराब आर्थिक संकटबाट अघि बढ्न सहयोग गर्ने अमेरिकी प्रतिबद्धताको प्रमाण सहयोग गरिएका पौष्टिक खाद्यान्न हुनेछ ।'

राजदूत चुङ, श्रीलंकाका शिक्षामन्त्री सुसिल प्रेमजयन्था, स्वास्थ्य मन्त्रालय, राष्ट्रिय योजना विभाग र सेभ द चिल्ड्रेनका प्रतिनिधिको उपस्थितिमा उक्त सहयोग हस्तान्तरण गरिएको हो ।

यो सहयोग 'युएसडिए म्याकगभर्न-डोल इन्टर नेसनल फुड फर एजुकेसन एण्ड चाइल्ड न्युट्रिसन प्रोग्राम'को एक हिस्सा भएको बताइएको छ । भोकमरी कम गरेर साक्षरता र विद्यालय उपस्थिति सुधार गर्न खाद्य असुरक्षितलाई तत्काल आपतकालीन सहायता प्रदान गर्ने उद्देश्यले पाँच वर्षको दुई करोड ६० लाख अमेरिकी डलरको परियोजना हो । 'युएसडिए र यसको साझेदार सेभ द चिल्ड्रेनले श्रीलंका सरकार र स्थानीय समुदायसँग मिलेर सबैभन्दा बढी खाँचोमा परेकालाई खाना पुर्‍याउन काम गरिरहेका छन्,' विज्ञप्तिमा भनिएको छ, 'यो सहयोगले विश्वव्यापीरूपमा खाद्यसुरक्षा अभियानलाई विस्तार गर्न र जीवन बचाउन र दुःख कम गर्न तत्काल आपत्कालीन सहायताको रेकर्ड मात्रा प्रदान गर्न अमेरिकी प्रयासलाई प्रतिबिम्बित गर्दछ ।' *रासस/एएनआई*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE CHEDI HOTEL & RESORT

पूर्व स्वीकृति मिति २०७९/०५/०९ | LT. No. 270248 | चलानी नं. ६०१८६१७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 0 | 5 | 2500 | ८८,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ १९ गते (4th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

RECRUITMENT श्रम ईजाजत नं. ६६६/०६३/०६४

**Leading Foreign Recruitment Pvt. Ltd.**

Sinamangal, Kathmandu, Nepal Tel : +977-1-411294, 9849325814/9818712550

Fax No. : +977-1-4465453,E-mail: hospitallity.lfr@gmail.com, Web: www.lefrn.com



## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!

## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

अन्तर्वार्ता देखि उडान सम्म निःशुल्क खाना, यातायात, आवास

कम्पनी : JS SECURITY SERVICES SDN BHD

Pre Approval Date : 2022-05-18 | Post Approval Date : 2022-08-26 | LT. No.263119 | Invoice No. 60179336

पूर्व स्वीकृति मिति : २०७९/०२/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/१० | एल टि न. २६३११९ | चलानी नं.६०१७९३३६

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलबः Monthly Salary रिगिंट MYR | मासिक तलबः Monthly Salary ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४२,९४० | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छ Yes | | दुई वर्ष 2 Years |

नोटः आबेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।

Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिन Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund — ने.रु.१५०० ।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer

सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it — रोजगारदाताले ब्यहार्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

ELITE GURKHAS OVERSEAS PVT. LTD. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

Interview will be conducted on 4th Sep, 2022 in office premisees.

अन्तर्वाता मिति २०७९ भदौ १९ गते कार्यालय परिसरमा हुनेछ ।

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

**Elite Gurkhas Overseas Pvt. Ltd.**

Tokha -5, Basundhara, Kathmandu, Tel.: +977-1-4016621,4016638

श्रम ईजाजत नं.५३५/०६१/०६२ Fax: 977-1-4016620, E-mail: info@elitegurkhas.com.np, Web:www.elitegurkhas.com.np



## गाईड लाइसेन्स हरायो

मिति २०७९/०५/०१ गते सोरखुट्टे आसपासबाट मेरो निम्न व्यहोरा भएको ट्रेकिङ्ग गाईड लाइसेन्स हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न सम्पर्क नं. मा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : सुदिप थापा
लाइसेन्स नं : ८११४
सम्पर्क : ९८४१८९८३२०, ९८१३५९३३०४

## मोटरसाइकल हराएको सूचना

श्री राजु सिंह गहतेको नाममा रहेको । निम्न व्योहोरा रहेको मोटरसाइकल मिति २०७९।०५।०३ गते काठमाण्डौ १४ रविभवन रेष्टुरेण्टको पाकिङ्ग बाट राती ८:०० वजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

प्रकार – Pulsar NS 200 CC
बाई नं. बाग्मती प्रदेश ०३-०२२ प ४३३२
चेसिस नं. :D2A36FX9LCJ81177
इन्जिन नं. JLXCLJ51100
रङ्ग – कालो
सम्पर्क – 98414671843



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपालं प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेसनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला - ९५,८००/- | प्रति तोला - ९५,३००/- | प्रति तोला - १,१७५/- |



संखुवासभाको खाँदबारी नगरपालिका वडा नं ३ र ४ को सिमानामा रहेको हरियाली धान खेत फाँट । खेतमै पानीको मुल निस्कने भएकोले यहाँ धानलगायतका कृषिजन्य उत्पादन राम्रो फल्छ । *तस्बिर: भविन कार्की/रासस*

## गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा कार्गो सेवा सुरू

■ प्रभाव संवाददाता

**भैरहवा–** गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा कार्गो सेवा सुरू भएको छ । शुक्रबार पहिलोपटक काठमाडौंको हिमालेक्स ट्रेडर्सले नेपाली उत्पादन राइजिङ स्टार कार्गो प्रालिमार्फत यो विमानस्थल प्रयोग गरेर विदेश निकासी सुरु गरेको हो ।

व्यवसायिक उडान सुरु भएको तीन महिनापछि हिमालेक्सले हस्तकलाजन्य सामान जजिरा एयरबाट कुवेत ट्रान्जिट हुँदै फ्रान्स पठाउन लागेको कम्पनीका सञ्चालक प्रदीप सापकोटाले जानकारी दिए । पहिलो चरणमा दुई टन सामान निकासी हुन लागेको विमानस्थलले जनाएको छ । सामानको चेकजाँचपश्चात राजस्व दाखिला गर्नुपर्ने हुन्छ । सबै प्रक्रिया भई शनिबार जजिरा एयरमार्फत् कुवेत हुँदै फ्रान्सको लियोन विमानस्थल सामान पुग्ने गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका भन्सार प्रमुख टीकाराम गैरेले बताए ।




हालसम्म काठमाडौंस्थित त्रिभुवन विमानस्थबाट मात्रै अन्तर्राष्ट्रियस्तरमा कार्गो जाने गरेको थियो । दोस्रो विमानस्थल सञ्चालनमा आएपछि विमानस्थलको प्रवर्द्धन गर्न, यहाँबाट निकासी पैठारी गर्न सहज र सस्तो छ भन्ने सन्देश दिन पनि काठमाडौंबाट सामान ल्याएर विदेश निकासी सुरु गरेको हो ।

गौतमबुद्धबाट अहिले कुवेतको जजिरा एयरले सातामा तीन दिन उडान गर्दै आएको छ । यहाँबाट कार्गो सञ्चालनका लागि उसले निजी क्षेत्रसँग छलफल गरिरहेको छ । विमानस्थलमा छुट सुविधा पाएका कारण पनि काठमाडौंभन्दा भैरहवाबाट भाडादर सस्तो तोकिएको जजिराका बिक्री तथा बजार प्रबन्धक राजेन्द्र बानियाँले बताए ।

राइजिङ स्टार कार्गो प्रालिका व्यवस्थापक जीवन पन्तले गौतमबुद्ध विमानस्थलको प्रवर्द्धन अहिलेको आवश्यकता भएको बताए । यसै कारण पनि 'रिक्स' मोलेर काठमाडौंबाट ट्रकमा सामान लोड गरेर भैरहवा ल्याएर निकासी गर्न लागेको जनाए । विमानस्थलका महाप्रबन्धक गोविन्दप्रसाद दाहालले पनि यस क्षेत्रका व्यवसायीलाई आर्यातनिर्यात गर्दा गौतमबुद्धलाई प्रयोग गर्न आग्रह गरे । उनले निकासीमा ध्यान दिए अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादनले राम्रो पकड जमाउन सक्ने जनाए ।

गौतमबुद्धमा नयाँ कार्गो भवन निर्माण अन्तिम चरणमा छ । तत्कालका लागि अस्थायी रूपमा दैनिक चार-पाँच सय टन सामाग्री आयात-निर्यात गर्न सकिने संरचना बनाइएको छ । विमानस्थलका अधिकारीहरूले केही कानूनी जटिलता हटाउने हो भने विदेश सामान निकासीका लागि नजिकका भारतीय बजारका उत्पादन पनि गौतमबुद्ध हुँदै वाह्य मुलुक पठाउन सकिने बताए ।

## 'विदेशको सीप र पुँजी नेपाल भित्र्याऔं'

**काठमाडौं (प्रस)–** नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले गैरआवासीय नेपालीहरूलाई उनीहरूले विदेशी भूमिमा आर्जन गरेको ज्ञान, सीप र पुँजी नेपाल भित्र्याउन आग्रह गरेका छन् ।

गैरआवासीय नेपाली संघ, एनआरएनएको बैंककमा शनिबार आयोजित एसिया प्यासिफिक क्षेत्रीय सम्मेलनलाई सम्बोधन गर्दै उनले सो आग्रह गरेको जनाइएको छ । 'नेपालको विकासका लागि संसारभर छरिएर रहेका नेपालीहरूले आफू रहेका स्थानमा आर्जन गरेका ज्ञान, सीप र पुँजी स्वदेश भित्र्याउन जरुरी छ । यसो गर्न सकियो भने हाम्रो देशमा समृद्धि छाउन धेरै समय लाग्दैन', उनले बताए ।

वरिष्ठ उपाध्यक्ष ढकालले नेपाली नागरिकहरू विदेश जाने विश्वविद्यालयमा अध्ययन गर्न, कुनै विशिष्टिकृत सीप सिक्न र पुँजी आर्जन गर्नका लागि नै हो भन्दै विदेशी भूमिमा आफूले गरेको आर्जन स्वदेशको विकासमा लगाउन सके नेपालको विकास धेरै टाढा नरहेको बताए ।

उक्त सम्मेलनमा उनले भने, 'संसारमै छरिएर रहेका हामी नेपालीहरूको तीन उद्देश्य ज्ञान, सीप र पुँजी आर्जन गर्नु नै हो । देश विकासका लागि हामीलाई आवश्यक पर्ने चिज पनि यिनै हुन् । त्यसैले हामी संसारको जुनसुकै कुनामा भए पनि हाम्रो आफ्नो मातृभूमिलाई बिर्सनु हुँदैन । आफ्नो विदेशको कमाई आफू जन्मेको माटोका लागि खर्चिनुपर्दछ ।'

वरिष्ठ उपाध्यक्ष ढकालले सबै गैरआवासीय नेपालीहरूलाई नेपालमा लगानी गर्न र आफू रहेका स्थानका विदेशीहरूलाई पनि नेपालमा लगानीका लागि प्रेरित गर्न आग्रह गरे । उनले भने, 'नेपालमा लगानीको वातावरण छ । हाम्रै देशको माटो मलिलो छ । आफ्नै देशको माटोमा सुन फलाउने अनगिन्ती अवसरहरू हामीसँगै छन् । प्रकृतिले पनि हामीलाई संसारकै धनी बनाइदिएको छ । त्यसैले हाम्रै देशमा लगानी गरौँ । अहिले जहाँ जेसुकै काममा रहेको भए पनि भोलिको सन्ततिका लागि हामीले हाम्रै घर बनाउनुपर्छ ।'

श्रीलङ्कामा सुरु भएको आर्थिक सङ्कटका समयमा पनि संसारबाटै नेपालीहरूले चिन्ता व्यक्त गरेको आफूले महसुस गरेको स्मरण गर्दै ढकालले सबै नेपालीको चिन्ता आफ्नै मातृभूमिका लागि हो भन्ने कुरा स्पष्ट भएको बताए ।

अहिले हामीले आर्जन गरेको पुँजी स्वदेशका लागि र हाम्रै सन्ततिका लागि नेपालमै लगानी गर्नुपर्ने उनको आग्रह थियो । उनले भने, 'सबै मिलेर नेपालमा लगानी भित्र्याऔं र हाम्रो आफ्नै मातृभूमिलाई समृद्ध बनाऔं ।'

## गोडरेजको 'क्यास सर्प्राइज' योजना

■ प्रभाव संवाददाता

**काठमाडौं–** भारतीय नम्बर १ रेफ्रिजेरेटर ब्रान्ड गोडरेजले यो दशैं तिहारलाई लक्षित गरी गोडरेजको 'क्यास सर्प्राइज' नामक योजना सार्वजनिक गरेको छ । यस योजना अन्तर्गत




ग्राहकहरूले गोडरेजको होम एप्लायन्सहरूको खरिदमा आकर्षक क्यासब्याक र उपहारहरू प्राप्त गर्न सकिने कम्पनीले जनाएको छ । ग्राहकहरूले यो योजनाको लाभ भाद्र ९ गतेदेखि सीमित अवधिका लागि नेपाल अधिराज्य भरि उठाउन सकिने कम्पनीले जनाएको छ ।

ग्राहकहरूले हरेक गोडरेजको सामानको खरिदमा २६ प्रतिशतसम्मका अधिकतम छुट र आकर्षक उपहारहरू पाउन सकिने छ । फ्रन्ट लोड वाशिङ मेसिनको खरिदमा आकर्षक छुटको साथै ६ केजी सर्फ एक्सेल म्याटिक वाशिङ पाउडर र टप लोड वाशिङ मेसिनको खरिदमा आकर्षक छुटको साथै ३ केजी सर्फ एक्सेल म्याटिक वाशिङ पाउडर पनि पाउन सकिनेछ भने सेमी अटोमेटिक वाशिङ मेसिनको खरिदमा २ केजी सर्फ एक्सेल म्याटिक वाशिङ पाउडर पाउनुका साथै माईक्रोवेभ ओवनमा आकर्षक छुट पाउन सकिनेछ। त्यस्तै गरी रेफ्रिजेरेटर, एअर कूलर, छोटुकूल, चेस्ट फ्रीजर, एसी र भाईरोशिल्डको खरिदमा पनि आकर्षक छुट पाउन सकिने कम्पनीले जनाएको छ ।

साथै एसीमा आकर्षक छुट र रु ४,००० बराबरको निःशुल्क एसि जडान सुबिधा पाउन सकिनेछ। यसका साथै कम्पनीले फ्री डेलिभरी, फ्री इन्स्टलेशन एन्ड डेमो र शुन्य प्रतिशतमा फाइनान्स सुबिधा पनि प्रदान गरेको छ । नेपाल अधिराज्यभर गोडरेजको ब्राण्डको आधिकारिक विक्रेता चौधरी ग्रूपको सिजी इलेक्ट्रोनिक्स अन्तर्गत सिजी इओएल रहेको छ । सिजी ईलेक्ट्रोनिक्सले सम्पूर्ण नेपाली ग्राहकहरूलाई सिजी डिजिटल शोरुम तथा आफ्नो फराकिलो विक्रेता सञ्जाल मार्फत उत्कृष्ट सेवा र अनुभव प्रदान गरिरहेको छ । कम्पनीका सिजी डिजिटल शोरुमहरू काठमाडौंभित्र टंगाल, कुमारीपाटी, भक्तपुर राधे राधे, कीर्तिपुर, रविभवन, हात्तिगौंडा, त्रिपुरेश्वर, नयाँ बजार, बसुन्धरा, जोरपाटी र काठमाडौं बाहिर इटहरी, हेटौंडा, भरतपुरमा रहेका छन् ।

## ११ लघु जलविद्युत् अलपत्र

■ प्रभाव संवाददाता

**पर्वत–** जिल्लाका विभिन्न दुर्गम भेगका अँध्यारा बस्तीमा उज्यालो पुऱ्याउने भन्दै स्थापना गरिएका लघु जलविद्युत् आयोजना अलपत्र बनेका छन् ।

दुई दशक अघिदेखि युएनडिपी, विश्व बैंक र नेपाल सरकारको लगानीमा निर्माण भएका जिल्लाका ११ आयोजना अहिले पूर्णरूपमा बन्द भएका छन् । पाँच वर्ष अघिसम्म तीन मात्र आयोजना सञ्चालनमा रहेपनि अहिले केन्द्रीय प्रशारण लाइनको पहुँच विस्तार भएसँगै ती बन्द भएका हुन् । पछिल्ला केही वर्षयता सामुदायिक विद्युतीकरणमार्फत पर्वतका सबै स्थानीय तहका सबै वडामा केन्द्रीय प्रशारण लाइनको पहुँच विस्तार भएको छ ।

दक्षिण पर्वतको सरौखोलाको १२ किलोवाट क्षमताको अगुवाखोला, पाङराङको साढे ७ किलोवाट क्षमताको गढिसिद्ध र ११ किलोवाटको बाच्छाखोला, हुवासको १२ किलोवाट क्षमताको गेडीखोला, भोर्ले गाविसको १६ किलोवाट क्षमताको धुवाकोट, क्याङ गाविसमा सञ्चालित १६ किलोवाट क्षमताको घट्टेखोला लघु जलविद्युत् पूर्ण रूपमा बन्द छन् । बाच्छा गाविसको बाच्छाखोलाका १९ र २१ किलोवाटको बाच्छाखोला लघु जलविद्युत् आयोजनाबाट बिजुली उत्पादन हुन छाडेको छ ।

पर्वतको मोदी गाउँपालिका-१ भुकताङ्लेको २७ किलोवाट क्षमताको ठाडोखोला लघु जलविद्युत् आयोजना दुई वर्षअघि आएको पहिराले पुरिएपछि अलपत्र बनेको छ । उता महाशिला गाउँपालिका-२ भोक्सिङको ६ किलोवाट क्षमताको छहरेखोला र नौ किलोवाट क्षमताको छर्छरेखोला लघु जलविद्युत् आयोजना दुई वर्षअघि गाउँमा केन्द्रीय प्रशारण लाइन विस्तार भएपछि त्यत्तिकै थन्किएको छ ।

मर्मतको अभाव र कम क्षमता हुने भए पनि स्थानीयले मर्मतमा बेवास्ता गरेका हुन् । तत्कालीन जिल्ला विकास समिति ऊर्जा शाखाका प्रमुख मञ्जु शिलाकारका अनुसार मर्मतका लागि बजेट अभाव भएको बताए । जिल्लाका ११ लघु जलविद्युत् आयोजनाबाट एक सय ५६ दशमलव पाँच किलोवाट विद्युत् उत्पादन भएको थियो ।

**बाढीपहिरोबाट जोगिऔं:**

- जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउँछ ।
- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रूख, बाँस, निगालो जस्ता भूक्षय रोक्ने खालका बिरूवा रोपौं र संरक्षण गरौं ।
- आफ्नो वस्ती तथा समूदायको रक्षा गरौं ।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।

आफू पनि बचौं बाढीपहिरोबाट जोगिऔं अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित, **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल, फोन नं. ०१-४३७३५७७, **इमेल**: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ